# कास्की रेडक्रस

जि.प्र.का.द.नं. १३/०५२/०५३ हु.द.नं. ०३/०६०/०६१ **समाचार बुलेटिन**

वर्ष ३० अङ्क १ २०८१ असार July 2024


# रेडक्रसको प्रादेशिक रक्त सञ्चार सेवा सहितको बहुउद्धेश्यीय भवन

नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाले सिर्जनाचोकमा अत्याधुनिक प्रादेशिक रक्त सञ्चार सेवा (ब्लड बैंक) सहितको बहुउद्देश्यीय भवन बनाएको छ ।

रेडक्रस कास्कीको ४० औं वार्षिक साधारण सभासँगै राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नव निर्मित प्रादेशिक रक्तसञ्चार सेवा भवनको समुद्घाटन गर्नु भयो ।

शहरी विकास तथा भवन निर्माण विभाग संघीय आयोजना कार्यान्वयन इकाई कास्कीको प्राविधिक सहयोगमा विस २०७७ असार महिनादेखि भवनको निर्माण कार्य थालिएको हो । सिद्धार्थ कन्ट्रक्सन प्रालि काठमाडौंले भवन बनाएको हो । अहिलेको पोखरा स्वास्थ्य विज्ञान परिसर रामघाटको विकल्पमा सिर्जनाचोकमा अण्डरग्राउण्ड पार्किङ सहित ३ तले भवन सुविधा सम्पन्न भवन बनाइएको छ । रेडक्रस कास्कीले अपांगमैत्री लिफ्ट सहितको ब्लड बैंकको मुल भवनबाट प्रदेश स्तरको रक्त सञ्चार सेवा प्रदान गर्ने योजना बनाएको छ ।

उद्घाटन कार्यक्रममा राष्ट्रिय सभाका अध्यक्ष तिमिल्सिना, गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारी, गण्डकी प्रदेश सभाका सदस्य विन्दुकुमार थापा, नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय सभापति प्रा सुदर्शनप्रसाद नेपाल, केन्द्रीय महामन्त्री भूपतिलाल श्रेष्ठ, नेपाल रेडक्रस सोसाइटी कास्कीका निवर्तमान सभापति तथा केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, युनिका फाउण्डेशन नेदरल्याण्डका नेपाल प्रतिनिधि रमेश पौडेल, रेडक्रस गण्डकी प्रदेशका अध्यक्ष सूर्यप्रसाद ढकाल, कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेल, उपसभातिहरु धर्मराज अधिकारी, उर्मिला खड्का, शाखाका मन्त्री सुरेन्द्र गुरुङ, उपमन्त्री रमा न्यौपाने कोइराला लगायतले रेडक्रस अन्तर्राष्ट्रिय मानवतावादी संस्था भएकोले मानवीय सेवाका क्षेत्रमा कास्की शाखाले पुऱ्याएको योगदानका सन्दर्भमा चर्चा गर्नु भयो ।

कार्यक्रममा नवनिर्मित रक्तसञ्चार सेवा भवनमा आर्थिक सहयोग प्रदान गर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय निकाय, विभिन्न सरकारी कार्यालय, संघसंस्था, बैंक तथा वित्तिय संस्थाहरु,सहकारी, दातृ



निकाय, रेडक्रस उपशाखा तथा जुनियर युवा सर्कलहरु र सहयोग प्रदान गर्ने व्यक्तिहरुलाई समेत सम्मानपत्र प्रदान गरिएको छ ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका पूर्व उपमन्त्री उमाकान्त शर्मालाई वर्ष स्वयं सेवा सम्मान प्रदान गरिएको छ । उत्कृष्ट प्रशिक्षक गणेश भण्डारी, उत्कृष्ट कर्मचारी कार्यालय सहयोगी टिकाराम पोखरेल, जुनियर तथा युवा सर्कल शिवशक्ति मावि र जुनियर तथा युवा सर्कल राष्ट्रिय उच्च माविलाई सम्मान गरिएको छ ।

कास्कीका ४८ उपशाखा मध्ये सर्वोत्कृष्ट प्रथम पोखरा१२ उपशाखा, द्वितीय पोखरा ११ काहुँ उपशाखा, तृतीय पोखरा १७ उपशाखा र सान्त्वना पोखरा २५ उपशाखालाई नगद सहित पुरस्कृत गरिएको छ । लैंगिक तथा सामाजिक समावेशीकरण गतिविधि तर्फ सर्वोत्कृष्ट हुने नेरेसो पोखरा-१७ उपशाखालाई नगद पुरस्कार सहित प्रमाणपत्रबाट पुरस्कृत गरिएको थियो । 'मनै देखि सेवा' भन्ने नाराका साथ भएको ४० वार्षिक साधारण सभाले शाखाका मन्त्री सुरेन्द्र गुरुङले पेश गरेको आर्थिक वर्ष २०७९/०८०को वार्षिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/०८१को प्रस्तावित कार्यक्रम, कोषाध्यक्ष सन्तोष अधिकारीले प्रस्तुत गरेको आर्थिक वर्ष २०७९/०८०को आर्थिक प्रतिवेदन र आर्थिक वर्ष २०८०/०८१को प्रस्तावित बजेटलाई सुधार सहित पारित गरेको छ ।

सभामा लेखा समितिका संयोजक कृष्णराज ढुंगानाले लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । शाखाका उपकोषाध्यक्ष विष्णुप्रसाद भण्डारी संयोजक र हरिप्रसाद श्रेष्ठ र वासुदेव तिमिल्सिना सदस्य रहेको प्रस्ताव छानवीन तथा प्रस्ताव घोषणा समितिले पेश गरेको ७ बुँदे प्रस्ताव सभाले अनुमोदन गरेको थियो । प्रस्तावमा नवनिर्मित रक्तसञ्चार सेवा भवनबाट आधुनिक उपकरण सहितको प्रयोगशाला स्थापना गरी गुणस्तरीय सेवा प्रदान गर्ने उल्लेख छ । शाखामा नयाँ गोदामघरको निर्माण गरी गोदामलाई व्यवस्थित बनाउने उल्लेख गर्दै प्रस्तावमा शाखाको वेभसाइट निर्माण गरी सूचना तथा गतिविधिहरुलाई व्यवस्थापन गर्ने सवाललाई समेटिएको छ ।

प्राथमिक उपचार प्रशिक्षकहरुको अपडेट गरी तालिमलाई व्यवस्थित गर्दै जाने तथा विपद् सिकाई केन्द्रलाई सञ्चालनमा ल्याउने योजना अगाडी सारिएको छ ।

कास्की शाखा तथा रक्तसञ्चार सेवा प्रयोजनका लागि नयाँ सवारी साधनको व्यवस्थापन गर्ने र एक उपशाखा एक युवा सर्कलको अभियानलाई निरन्तरता दिने लगायतका सवाललाई प्रस्तावमा समेटिएको छ ।

## सम्पादकीय

# 'विपद र प्रकोप जोखिममा मानवीय सहयोग आजको आवश्यकता'

यतिबेला देशभरी वर्षायाम सँगै विपद् र प्रकोपका घटना र परिघटना बढिरहेको देखिन्छ । मानिसहरुमा सन्त्रास र संसयको अवस्था सिर्जना भइरहेकोछ । भन्ने गरिन्छ, विपद् र प्रकोपहरु बाजा बजाएर कहिलै आउँदैन । विपद्ले कुनै पनि जात, क्षेत्र, समुदाय, वर्ण, लिङ्ग र राष्ट्रियता भन्दैन।यो एउटा त्रासतीपूर्ण,कष्टपूर्ण र मानवीय दुःख र वेदना सँग जोडिएको विषय हुन विपत र प्रकोप ।

त्यसमाथि पनि नेपाल भौगोलिक हिसाबले विविधता भएको देश हो । विपत र प्रकोपको समयमा साहयता जुटाउन नेपाली संस्कृति र परम्परा धेरै पुरानो अनि अब्बल पनि छ । विपद्को सामाना गर्ने विषयमा विपद्को प्रकृति सिर्जित समस्याहरु, चुनौती र सम्भावित मानवीय सरसहयोग बढी महत्वपूर्ण रहन्छ । विपद्लाई पूर्णरुपमा निर्मुल पार्न सकिँदैन तर पनि सहि तरिकाले व्यवस्थापन गरी सम्भावित मानवीय क्षति न्यूनीकरणका उपायहरु अबलम्वन गर्न सकिने प्रशस्त सम्भावना भने अवश्य रहन्छन् ।

कोरोना भाइरस (Covid-19), २०७२ सालको विनासकारी भूकम्प, आगजानी, बाढी पहिरो, शितलहर, संक्रामक रोगहरुको तिव्र फैलावट समेतका आधारमा प्रकोपको प्रकृति, प्रभाव र यसबाट मानवीय जीवनमा पर्न सक्ने सम्भावित असरहरुको बारेमा आमरुपमा विस्तृत एवम् गहन विश्लेषण गरी विपद् प्रतिकार्यका लागि विपद्को पुर्व तयारी, विपद् भईरहदा र विपद् भइसकेपछि गरिनुपर्ने क्रियाकलापहरुको बारेमा हुने गतिविधि नै विपद्को प्रभावकारी व्यवस्थापन भित्र पर्दछन् ।

हामी सबैले जानेका र भोगेको विषय के हो भने विपद् अचानक र आकस्मिक आइपर्ने घटना हो । यसले ठुलो मात्रामा धनजनको क्षति पुऱ्याउँछ । मानवीय जीवन, आर्थिक, समाजिक एवम् साँस्कृतिक क्रियाकलापमा अस्त व्यस्तता अवस्था सिर्जना गर्दछ । विपद्सँग सम्बन्धित विपद् व्यवस्थापन, क्षमता विस्तार, जोखिम न्यूनीकरण, संकटासन्न समुदायको पहिचान, पुर्व तयारी, पुर्व सूचना प्रणाली, खोज उद्दार, राहत पुनर्निर्माण, पुनस्र्थापना जस्ता कार्यहरुलाई सैद्धान्तिक एवम् व्यवहारिक रुपमा बुझ्नु नियन्त आवश्यक छ ।

विपद्को बेला मानवीय जीवन रक्षा, सुरक्षा, आकस्मिक रुपमा गरिने सानोतिनो मानवीय सहयोगको आदान प्रदानले पार्ने महत्वपूर्ण प्रभावको बारेमा समेत बुझ्न र बुझाउनुपर्ने देखिन्छ । विपद्को सामाना गर्ने विषयमा नेपालको फरक-फरक अभ्यासहरु प्रयोग हुँदै आईरहेका छन् । आकस्मिक रुपमा हिमाली क्षेत्रमा हुने हिमपात, तराई क्षेत्रमा सितलहर एवम् हुस्सु, उपत्यकामा भुकम्पको सामाना गर्ने तौरतरिकाहरु र उपायहरु पनि परम्परागत रुपमा हुँदै आइरहेको छ । यसलाई परिस्कृत गर्दै अगाडि बढ्नु पर्ने आजको आवश्यकता हो ।

विपद्को पूर्व तयारी अन्तर्गत नदीका किनारहरुमा वृक्षारोपण गर्नु, तठबन्धनको निर्माण, बोरामा माटो भरेर बाँध निर्माण गर्नु, घर वरिपरी केराको बोट लगाउने, गाउँ बस्तीको विचमा पोखरी खन्नु, अझ सरल भाषामा भन्दा हिउँदमा वर्षाको लागि अन्नपात, सिन्की, मस्यौरा, भटमास, दाल, तेल, चामल भण्डारण गरी आकस्मिक रुपमा हुने विपतको पूर्व तयारीको परम्परागत ढाँचा रहेको देखिन्छ ।

तर, वर्तमान अवस्थामा यि सबै कार्यहरु विपद् पूर्व तयारीको लागि पर्याप्त छैनन् र होइनन् पनि । बदलिँदो परिवेश अनुसार बहुप्रकोपहरको सामानहरुको लागि आम मानव समाज पूर्ण रुपले तयारी हुनु अपरिहार्य छ । हामीले आँकलन गरेको वा अनुमान गरेकै जस्तो मात्र विपत आउँछ भन्ने कुराको ठेगान छैन । भनिन्छ, विपतको बेलामा सबैभन्दा पहिले उद्दारकर्ता भनेको समुदाय, सुरक्षाकर्मी, रेडक्रसका स्वयम् सेवक नै हुन् । त्यसैले समुदायलाई क्षमतावान बनाउन सके मात्र विपत जोखिम न्यूनिकरण हुन सक्छ । मानवजन्य प्रकोपहरुलाई निस्तेज पार्न सकिन्छ भने प्राकृतिक प्रकोपहरुलाई न्यूनिकरण गर्न सकिन्छ ।

नेपाल सरकारले स्थानीय विपत व्यवस्थापन ऐन लगायत विभिन्न ऐन कानून तथा कार्यविधिहरु निर्माण गरी सकरात्मक पहल कदमी सुरुवात गरेको छ । साथै समुदाय सशक्तिकरण तथा उत्थानशिल समुदाय निर्माण गर्न भनी अझ धेरै कार्यहरु गर्नुपर्ने कार्यहरु देखिन्छ । अर्को तर्फ संकटासँग समुदायको पहिचान गरी समुदायको क्षमता विकास र पूर्व तयारीका कार्यहरु गर्ने तर्फ अवाश्यकता अनुरुप चासो र सहकार्य हुन नसकेको तितो यथार्थ हामी सबैले अनुभूति गरेकै छौं । राहतमुखी कार्यक्रमले खाली प्रभावित समुदायलाई सहयोग गरेको जस्तो देखिएता पनि दिगो भएका छैनन् । स्थानीय निकायको अगुवाइमा त्यस क्षेत्र भित्र कार्य गर्ने विभिन्न संघ संस्थाहरु, सरकारी संयन्त्रहरु, सुरक्षा कर्मीहरु, नेपाल रेडक्रस सोसाइटी, युवा क्लब, बाल क्लब, आमा समूह सबैको सक्रियता सहभागिताले विपन व्यवस्थापन गर्न सहज हुँदै आइरहेको छ ।

दिगो विकासको लक्ष्य अनुसार उत्थानशील पूर्वाधारहरु निर्माण गर्ने, मानव वस्तीहरुलाई समावेशी, सुरक्षित उत्थानशील र दिगो बनाउने, जलवायु परिवर्तन र यसको प्रभावहरुसँग जुध्न कार्यहरु गर्ने जस्ता विषयहरु समेटिएको छ तर स्थानीय स्तरमा यसको प्रभाव न्यून देखिन्छ ।

समुदायमा आधारीत अवधारणाबाट नै तल्लो तहसम्मको अवस्थाको विश्लेषण गरी समस्याको पहिचान गर्न दिगो प्रकारका योजनाहरु निर्माण, तल्लो तहदेखि माथिल्लो तहसम्मको अवधारणालाई समेटि क्षमता विकासमा पर्याप्त लगानी हुनुपर्ने देखिन्छ । समुदायको सक्रिय सहभागिता निर्माण भएका ऐन कानूनको कार्यन्वयन, सबै तहमा विपत सम्बन्धी प्रभावकारी समुह निर्माण गरी विपद् न्यूनीकरणमा मानवीय सहायता जुटाउने अहिलेको टड्कारो आवश्यकता रहेको छ । रेडक्रस र रेडक्रसका स्वयम् सेवकहरु विपत र प्रकोपको बेला मानवीय जीवन रक्षाका निम्ति मनैदेखि सेवाको भावना लिएर समन्वय, प्रभावकारी संचार र सार्थक समूह निर्माणमा लाग्नु नै आजको आवश्यकता हो ।


| | | |
|---|---|---|
| सल्लाहकार | : | डण्डराज शर्मा पौडेल |
| | | डोलराज पाण्डे |
| सम्पादक मण्डल | : | डिल्लीराम बराल |
| | | कृष्णप्रसाद पौडेल |
| | | श्याम कुँवर |
| | | अम्बिका अधिकारी |
| | | मोहन सिंह खड्का |
| मुद्रण | : | न्यू सृजना छापाखाना |
| | | ०६१-५७३३२९ |


**रेडक्रसबारे लेखरचना वा जिज्ञासाको अपेक्षा गर्दछौं।**

# बाढी प्रभावितलाई कास्की रेडक्रसको सहयोग



नेपाल रेडक्रस सोसाइटी कास्कीले अबिरल वर्षात् को कारण पहिरो सहित उच्च जोखिममा रहेको पोखरा १४ बाच्छीबुढुवा गस्ती टोलका प्रभावित बासिन्दालाई खाद्यान्य सहित राहत सहयोग गरेको छ । 'निरन्तर मानवीय सेवा अभियान, जहाँ विपद त्यहाँ रेडक्रस' भन्ने नाराका साथ ९ घर परिवारलाई खाद्यान्य, गैर खाद्य र नगद सहित पूरै प्याकेज सहित सहयोग गरेको हो ।

अबिरल वर्षात् वात्स्यायन बृद्धाश्रम नजिकैको अव्यवस्थित रुपमा बसेको बस्ती सेती नदिको कटानले उच्च जोखिममा रहेको छ । जिल्ला विपद् व्यवस्थापन समिति कास्की, नेपाल प्रहरी, पोखरा महानगरपालिका वडा नम्बर १४को वडा कार्यालयको स्थलगत अनुगमन पश्चात प्रभावित घर परिवारलाई राहत प्रदान गरिएको हो । सेती नदि कटानले उच्च जोखिममा रहेका बस्तीलाई उच्च सतर्कता अपनाउँदै वडा कार्यालय पोखरा १४को व्यवस्थापनमा सुरक्षित स्थानमा राखिएको वडा अध्यक्ष बोधराज कार्कीले बताउनुभयो ।

यसैबीच नेपाल रेडक्रस सोसाइटी कास्कीले अबिरल वर्षात्को कारण बाढी र पहिरो प्रभावितलाई राहत सहयोग गरेको छ । 'निरन्तर मानवीय सेवा अभियान, जहाँ विपद त्यहाँ रेडक्रस' भन्ने नाराका साथ पोखरा १९ पुरन्चौरका ५ घर परिवारलाई खाद्यान्य, गैर खाद्य र नगद सहित पूरै प्याकेज सहित सहयोग गरेको हो ।

यसै बीच नेपाल रेडक्रस सोसाइटी कास्कीले अबिरल वर्षाको कारण घर पुरिएर छोरी गुमाएका मादी चित्तेपानीका प्रकाश रानाभाट र पहिलोले घर पुरिँदा छोरा गुमाएका पोखरा-२८ आरूपाटाका हरि सुनारको परिवारलाई खाद्यान्य, गैर खाद्य र नगद सहित पूणै प्याकेज सहित दुबै परिवारलाई सहयोग गरेको छ ।

573329

# रेडक्रस कास्कीलाई गोर्खा वेल्फेयरको आपतकालिन राहत सामाग्री




गोर्खा वेल्फेयर ट्रष्ट नेपालले नेपाल रेडक्रस सोसाइटी कास्कीलाई आपतकालिन राहत तथा उद्धार सामाग्री प्रदान गरेको छ ।

उत्थानशील, खानेपानी तथा विपद तयारी कार्यक्रम अन्तर्गत ८० थान त्रिपाल, १५ थान स्टेचर र २ थान आल्मुनियम भऱ्याङ गरी ४ लाख १० हजार बाराबरको जिन्सी सामग्री हस्तान्तरण गरेको ट्रष्टका कार्यक्रम निर्देशक दिपककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

उहाँले ट्रष्टले नेपाल सरकारको विपद् व्यवस्थापन नीति नियमको आधारमा रहेर विपद् व्यवस्थापनको काम गरेको बताउनुभयो । सन २०२१को जुलाई देखि नेपाल रेडक्रस सोसाइटीसँगको समन्वय र सहकार्यमा उत्थानशील खानेपानी तथा विपद् तयारीको काम गरेको उल्लेख गर्दै उहाँले पालिका तथा वडा तहमा विपद् व्यवस्थापन योजना तथा विपद् व्यवस्थापन समिति गठन गरेको उल्लेख गर्नुभयो ।

देशका १४ पालिकामा खानेपानी, सरसफाई तथा विपद् पूर्व तयारी कार्यक्रम सञ्चालन गरेको चर्चा गर्दै उहाँले युकेएडको आर्थिक सहयोगमा ट्रष्टले विद्यालय निर्माण, खानेपानीका अलवा दुर्गम क्षेत्रमा स्वास्थ्य शिविर चलाएको बताउनु भयो । उहाँले ट्रष्टले नेपालमा विगत ५४ वर्षदेखि व्यक्तिगत तथा सामुदायिक सहायता कार्यक्रम गरेको जनाउनुभयो ।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्मा पौडेलले निश्पक्ष, तटस्थ व्यवहार र मानवतावादी सोंचका साथ रेडक्रसले सबै सहयोगी संस्थाको सहयोगमा विपद् व्यवस्थापनको काम गरेको जानकारी दिनुभयो । गोर्खा वेल्फेर ट्रष्ट र रेडक्रसले मानवीय र सामाजिक सेवाको क्षेत्रमा एउटै प्रकृतिका काम गरेको उल्लेख गर्दै उहाँले ट्रष्टबाट अहिलेसम्मको सवभन्दा ठुलो स्केलको सहयोग भएको बताउनुभयो । प्राप्त सहयोगबाट विपद्को सहजै रुपमा सामना गर्न सक्ने विश्वास जगाएको उहाँको प्रतिक्रिया छ ।

रेडक्रस सोसाइटी कास्कीमा उपसभापति उर्मिला खड्काले राहत तथा उद्धार सामग्रीको अभाव भएको अवस्थामा ट्रष्टको सहयोग भएको बताउनुभयो । उहाँले प्राप्त सहयोग मनसुन जन्य प्रभावितलाई तत्काल प्रदान गर्ने जनाउनुभयो । कार्यक्रममा गोर्खा वेल्फेयर ट्रष्ट नेपाल खानेपानी, सरसफाई तथा पूर्व तयारी कार्यक्रमका विपद् जोखिम न्यूनीकरण अधिकृत सुमेरु त्रिपाठी कास्की रेडक्रसलाई तीन प्रकारको राहत तथा उद्धार सामग्री प्रदान गरेको बताउनु भयो । गोर्खा वेल्फेयर ट्रष्ट नेपालले विपद जोखिमका प्रतिकूल प्रभावहरूलाई रोक्न र खोज उद्धारको कामलाई प्रभावकारी बनाउन देशका विभिन्न गाउँपालिका तथा नगरपालिकालाई खोज उद्धार सम्बन्धी तालिम, खोज उद्धार सामग्री वितरण तथा विपद प्रतिकार्य योजना निर्माणका लागि सघाउँदै आएको छ ।

## वक्तृत्वकला प्रतियोगिता सम्पन्न

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजना र युवा रेडक्रस सर्कल भद्रकाली मावि पोखरा-१३ को व्यवस्थापनमा २०८० फाल्गुन २२ गते जुनियर युवा रेडक्रस सर्कल स्थापना दिवसको अवसर पारी जिल्ला स्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गरियो । प्रतियोगितामा मदरल्याण्ड मावि पोखराका शाश्वत रेग्मी प्रथम, महेन्द्र मावि लाहाचोकका विद्या बुढाथोकी द्वितीय, बालोदय मावि पोखराका एलिशा भुषाल तृतीय र करुणानीधि एकेडेमीका रुदिना अधिकारीले सान्त्वना स्थान प्राप्त गरेका थिए । विजेता तथा सहभागी समापनका अवसरमा पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

## स्वयं सेवकलाई तालिम

नेपाल रेडक्रस सोसाईटी उपशाखा-१ बगरले स्वयंसेवकका लागि विपद् व्यवस्थापन, पूर्व तयारी तथा प्रतिकार्य तालिम दिएको छ ।

सामुदायिक सेवा केन्द्र एवं सामुदायिक प्रहरी सेवा पोखरा-१,बगर सहकार्य तथा पोखरा महानगरपालिका वडा नं. १, को सहयोगमा भएको २ दिने तालिममा ४४ जनाको सहभागिता रहेको छ । तालिममा नेपाल रेडक्रस सोसाइटी कास्की विपद् व्यवस्थापन शाखाका प्रमुख नवराज भण्डारी र प्रशिक्षक सुनिता पौडेलले विपद्को चक्र र पूर्व तयरी, विपद् सम्बन्धी राज्यको नितिगत व्यवस्था, बाढी पहिरो लगाएतका विषयमा सहजीकरण गर्नुभयो ।

पोखरा महानगरपालिका वडा नं. १ का अध्यक्ष साहारा प्रधानले मनसुनी वर्षातसँगै प्राकृति प्रकोपको डर हुने भएकोले पूर्व सतर्कता अपाउन तालिम फलदायी हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्कीका उपसभापति उर्मिला खड्का, वडा प्रहरी कार्यालय बगरका प्रमुख प्रहरी निरीक्षक बोधराज रेग्मी, नेपाल रेडक्रस सोसाइटी पोखरा-१ उपशाखा सभापति जीवन अधिकारी, उपसचिव कल्पना आचार्य, सामुदायिक सेवा केन्द्र बगरका अध्यक्ष रामप्रसाद अधिकारी, सल्लाहकार रामभुषण पराजुली, राष्ट्रिय माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामविक्रम राणा, प्रधानाध्यापक ईश्वरी सापकोटा, भीमकाली मार्ग साझेदारी टोल विकास संस्थाका अध्यक्ष उमा शाही, शान्ति टोल विकास संस्थाका अध्यक्ष विजय शाही लगायतले विपद् व्यवस्थापनका लागि अपनाउनु पर्ने पूर्व तयारीको बारेमा बोल्नु भएको थियो ।

# ११४औं अन्तर्राष्ट्रिय महिला श्रमिक दिवसमा विशेष अन्तर्क्रिया

“महिलामा लगानी: सभ्य र समुन्नत समाजको थालनी” भन्ने नाराका साथ ११४औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाइएको छ। सोही सन्दर्भमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखा अन्तर्गतको लैगिक तथा सामाजिक समावशीकरण समितिले विशेष अन्तर्क्रिया गरेको छ।

लैगिक तथा सामाजिक समावेशीकरण समितिका संयोजक रमा न्यौपाने कोइरालाको अध्यक्षता र रेडक्रस केन्द्रीय समितिका उपकोषाध्यक्ष डोलराज पाण्डेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा समितिका सचिव रमा त्रिपाठीले रेडक्रसका सात सिद्धान्त बाचन गर्नु भएको थियो । समितिका संयोजक रमा न्यौपाने कोइरालाले मन्तव्य सहित स्वागत गर्नु भएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डेले महिला जागरण र सशक्तिकरणका लागि उत्प्रेरणा मुलक कार्यक्रमहरु कास्की शाखाले गर्दै आएको उल्लेख गर्नु भयो । वर्तमान समयमा नेपालका हरेक क्षेत्रमा महिलाको सहभागिता र अवस्थामा सन्दर्भमा प्रकाश पार्दै वहाँले समग्रमा वर्तमान समयमा महिला जागरण सशक्तिकरणमा उल्लेख्य सुधार भएको चर्चा गर्नु भयो। महिलाहरुले पनि नेपालका उच्च पदहरुमा वहाली भई आफ्नो भूमिका, जिम्मेवारी र दायित्वलाई सफलताका साथ पुरा गर्न सफल भएको विषयमा समेत चर्चा गर्दै वहाँले अझै पनि पश्चिम नेपाल र तराईका केही भागहरुमा महिलाजारण र सशक्तिकरणका क्षेत्रमा थुप्रै काम गर्न बांकी रहेको सन्दर्भमा प्रकाश पार्नु




भयो ।

गैसस महासंघ कास्कीका उपाध्यक्ष इन्दिरा पौडेलले समाजमा अझै पनि लैगिक विभेद कायम रहेको बताउनुभयो । प्रशासकीय अधिकृत कृष्णप्रसाद कोइरालाले सञ्चालन गर्नु भएको शुभारम्भ सत्रको लगत्तै कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङले दोश्रो प्यानल डिस्कर्सन सत्र सञ्चालन गर्नुभयो। वहाँले पोखरालाई कर्मथलो बनाई आ-आफ्नो व्यवसायिक र सामाजिक क्षेत्रमा उल्लेख्य प्रभाव पार्न सफल ३ जना व्यक्तित्वहरु क्रमश: गण्डकी प्रदेश सभाका पूर्व सदस्य मीना गुरुङ, पर्यटन व्यवसायी लक्की कार्की र सञ्चार तथा अधिकारकर्मी सुष्मा पौडेल परिचय राख्दै कार्यक्रमको शुभारम्भ गर्नु भएको थियो ।

कार्यक्रममा तीनै जना अतिथिहरुले आ-आफ्ना भनाईहरु राख्दै आफ्नो जीवन यात्रा र यहाँसम्मको सफलताका सन्दर्भमा प्रकाश पार्नु भएको थियो । वहाँहरुले महिला जागरण र सशक्तिकरणमा एक्यावद्धता भएर लाग्नु पर्ने र महिलाले महिलालाई नै दमन गर्ने परिपाटीको अन्त्य गरी महिला उत्थानमा लाग्नु पर्नेमा जोड दिनु भएको थियो । शाखाका मन्त्री सुरेन्द्र गुरुङबाट सबैलाई धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको समापन गर्नुभयो।

# २६औं संरक्षक गोष्ठी सम्पन्न

नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाको आयोजना र युवा रेडक्रस सर्कल रतनपाण्डे मावि पोखरा-१३ आर्बाको व्यवस्थापनमा २६औं जिल्ला स्तरीय संरक्षक गोष्ठी २०८० फागुन ११ गते शुत्रबार भएको छ । विद्यालय सर्कलका अध्यक्ष जेनिशा न्यौपानेको अध्यक्षता र पोखरा महानगरपालिका वडा नं.-१३ का वडा अध्यक्ष किरण बरालको प्रमुख आतिथ्यतामा रतन पाण्डे माविमा गोष्ठी भएको हो ।

सर्कलका सचिव कृपा पराजुलीले रेडक्रसका सात सिद्धान्त बाचन गर्नु भएको थियो भने विद्यालय सर्कलका संरक्षक डिल्लीराम बराललले आमन्त्रित अतिथि तथा सहभागिहरुलाई स्वागत गर्नु भएको थियो। प्रमुख अतिथि बरालले उद्घाटन गरिएको कार्यक्रममा विशेष अतिथि कास्की शाखाका सभापति डण्डराज शर्मा, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, कास्की शाखाका कोषाध्यक्ष सन्तोष अधिकारी, जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी, मुक्तिनाथ विकास बैंक काहुँखोला शाखाका म्यानेजर सकुन्तला बराल लगायतले रेडक्रसका गतिविधि र संरक्षक गोष्ठीको बारेमा बोल्नु भएको थियो ।

गोष्ठीमा वार्षिक कार्यक्रमको समिक्षा सहित आगामी वर्षका लागि कार्यक्रमहरुको बाँडफाँड गरिएको थियो भने, मोटीभेटर गणेश गिरीबाट नेतृत्वसीप विकास सम्बन्धी प्रशिक्षण प्रदान गरिएको थियो । जिल्लाका १ सय भन्दा बढी जुनियर तथा युवा सर्कलका संरक्षक र प्रतिनिधिको सहभागिता रहेको उक्त गोष्ठीमा सहभागी संरक्षकहरुका तर्फबाट गण्डकी आवासिय मावका प्राचार्य बीरेन्द्र खड्का र हिमाली विद्यालयका प्राचार्य ध्रुवा श्रेष्ठ थापाले आ-आफ्ना अनुभवहरु राख्नु भएको थियो भने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शरदचन्द्र बरालले धन्यवाद सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

# विपद् व्यवस्थापन तालिम सम्पन्न



नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजना र नेपाल रेडक्रस सोसाइटी माछापुच्छ्रे- ४ उपशाखा, लाहाचोकको व्यवस्थापनमा पालिका स्तरीय २ दिने विपद् व्यवस्थापन तालिम २०८० फागुन १९ र २० गते लाहाचोकमा सम्पन्न भएको छ ।

उपशाखाका सभापतिको अध्यक्षता र गाउँपालिकाका उपाध्यक्ष सीता अधिकारीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विशेष अतिथि कास्की शाखाका उपसभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । तालिममा प्रशिक्षकहरु लक्ष्मणप्रसाद कोइराला र नवराज भण्डारीले विपद्का विभिन्न विषयहरुमा सहजीकरण गर्नु भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी उपशाखा -५ को आयोजनामा १ दिने विपद व्यवस्थापन पुर्व तयारी प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाको प्राविधिक सहयोगमा भएको तालिमको पोखरा ५का अध्यक्ष विष्णुप्रसाद बरालले उद्घाटन गर्नु भयो । वहाँले महानगरले नियमित रुपमा विपद व्यवस्थापनका लागि बजेट छुट्टाउने गरेको तर ति रकम विपदमा खर्च नहुँदा अन्य शिर्षकमा खर्च गरिएको बताउनु भयो । वहाँले रेडक्रस सोसाइटी उपशाखा -५ सँग समन्वय गरी विपद् व्यवस्थापन पूर्व तयारीको लागि आवश्यक सामाग्रीहरु खरिद गरी एउटा छुट्टै कक्ष बनाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

रेडक्रस सोसाइटी कास्की शाखाका उपसभापति उर्मिला खड्का, कार्यक्रमका संयोजक एवं पोखरा महानगरपालिका वडा नं -५ का विपद व्यवस्थापन संयोजक लक्ष्मण बराल,उपशाखा -५ का सचिव केशव कोइराला लगायतले बोल्नु भएको थियो । प्रशिक्षण कार्यक्रममा अग्नि नियन्त्रकको प्रयोग समेत गरी आगो निभाउने कार्यको प्रर्दशन समेत गरिएको थियो ।

यसैबीच नेपाल रेडक्रस सोसाइटी पोखरा ८ उपशाखाको आयोजनामा पोखरा महानगरपालिका वडा नम्बर ८ स्तरीय विपद् व्यवस्थापन अभिमुखिकरण कार्यक्रम भएको छ ।

पोखरा ८का अध्यक्ष रुद्रनाथ बरालले उद्घाटन गरेको कार्यक्रममा रेडक्रस सोसाइटी कास्कीका जिल्ला सदस्य चन्द्रप्रसाद सापकोटा, पुर्व जिल्ला सदस्य राजेशकुमार घिमिरे, रेडक्रस कास्कीका विपद् व्यवस्थापन शाखाका संयोजक नवराज भण्डारी, पोखरा ८ उपशाखाका अध्यक्ष सीता पाण्डे लगायतले बोल्नु भएको थियो । त्यसैगरी नेपाल रेडक्रस सोसाइटी पोखरा १६ उपशाखाको आयोजनामा रेडक्रस सचेतना कार्यक्रम भएको छ । नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्मा पौडेलले उद्घाटन गरेको कार्यक्रममा जिल्ला सदस्य सुवास अधिकारी, विपद् व्यवस्थापन शाखाका संयोजक नवराज भण्डारीले बोल्नु भएको थियो ।

यसैगरी नेपाल रेडक्रस सोसाइटी पोखरा ४ उपशाखाको आयोजनामा विपद् व्यवस्थापन प्रशिक्षण कार्यक्रम भएको छ । पोखरा ४का वडा अध्यक्ष देवकृष्ण पराजुलीले उद्घाटन गरेको कार्यक्रममा रेडक्रस कास्कीका उपसभापति उर्मिला खड्का, रेडक्रसका कर्मचारीहरु नवराज भण्डारी, सुनिता पौडेलले बोल्नु भएको थियो ।

यसैबीच नेपाल रेडक्रस सोसाइटी पोखरा १२ उपशाखाले विपद् व्यवस्थापन प्रशिक्षणको आयोजना गरेको छ। नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेल उद्घाटन गरेको कार्यक्रममा विपद् व्यवस्था शाखाका प्रमुख नवराज भण्डारीले सहजीकरण गर्नु भएको छ । प्रशिक्षणमा ३५ जनाको सहभागिता रहेको छ । यसैगरी नेपाल रेडक्रस सोसाइटी पोखरा २५ हेमजाको आयोजनामा विपद् व्यवस्थापन प्रशिक्षण कार्यक्रम भएको छ । रेडक्रस कास्कीका विपद् व्यवस्थापन शाखाका प्रमुख नवराज भण्डारी र नेपाली सेनाको फुलबारी व्यारेकको टिमले सहजीकरण गरेको कार्यक्रममा ८५ जनाको सहभागिता रहेको थियो। पोखरा २५का अध्यक्ष मोतीलाल तिम्सिनाले प्रशिक्षण कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

# पालिका स्तरीय विपद् व्यवस्थापन कार्यक्रम

पालिका स्तरमा हुन सक्ने विपद्का जोखिमहरुको पहिचान गरी विपद्का जोखिमहरुलाई न्यूनीकरण गर्ने, रोकथामका गतिविधिहरु सञ्चालन गर्ने र पूर्वतयारीका गतिविधिहरुलाई समुदायस्तरसम्म पुऱ्याउने उद्देश्यका साथ पोखरा महानगरपालिका स्तरीय विपद् व्यवस्थापन अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजना र पोखरा- १७ उपशाखाको व्यवस्थापनमा २०८१ वैशाख १५ गते पोखरा-१७ उपशाखा भवनको सभाहलमा कार्यक्रम गरिएको हो ।

पोखरा-१७ उपशाखाका सभापति हरिप्रसाद श्रेष्ठको अध्यक्षता र रेडक्रसका केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डेको प्रमुख आतिथ्यतामा कार्यक्रममा भएको थियो । प्रमुख अतिथि केन्द्रीय उपकोषाध्यक्ष पाण्डे, विशेष अतिथि कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेल, उपभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारी, मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, स्थानीय जनप्रतिनिधि लगायतले मानवीय सेवा र विपद्का क्षेत्रमा रेडक्रस कास्की शाखाले पुऱ्याएको योगदानको चर्चा गर्नु भयो । वहाँहरुले उपशाखाको भूमिका र विपद् व्यवस्थापनमा सरकार, संघसंस्था, स्थानीय निकाय र समुदाय एवं नागरिक समाजले गर्नु पर्ने कार्य र पूर्वतयारी एवं रोकथामका गतिविधिका विषयमा प्रकाश पार्नु भएको थियो । कार्यक्रममा विपद्का विषयमा कार्यालय प्रमुख मोहनसिंह खड्का र वरिष्ठ प्रशासन सहायक नवराज भण्डारीले सहजीकरण गर्नु भएको थियो ।

# प्राथमिक उपचार तालिम सम्पन्न




जुनियर तथा युवा सर्कलका सदस्यलाई प्राथमिक उपचार सम्बन्धी ज्ञान, सीप र धारणाको विकास गराउने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजनामा दुई दिने उपशाखा स्तरीय विद्यालय प्राथमिक उपचार तालिम भएको छ ।

गौरीशंकर कलेजको व्यवस्थापनमा चैत्र १६ र १७ गते सर्कलका अध्यक्ष युजन कार्कीकोअध्यक्षतामा तालिम भएको हो । प्रमुख अतिथि नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलले प्राथमिक उपचारको महत्वका विषयमा प्रकास पार्दै कास्की रेडक्रस शाखाको गतिविधिमा जुनियर युवा सदस्यहरुले पुऱ्याएको योगदानको चर्चा गर्नु भयो । वहाँले सच्चा र इमान्दार रेडक्रसकर्मी भएर अगाडी बढ्न शुभकामना दिनुभयो । शाखाका सदस्य एवं जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी, कलेजका प्राचार्य कृष्णप्रसाद पौडेल, उपमन्त्री रमा न्यौपाने कोइरालाले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

तालिममा पोखरा-२५ उपशाखा क्षेत्र भित्र रहेका विद्यालय र कलेजका २४ जना जुनियर युवा सदस्यहरुको सहभागिता रहेको थियो भने नवराज भण्डारी र सूर्य तिमिल्सिना पालुवाले सहजीकरण गर्नु भएको थियो ।

यसै गरी पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले पोखरा महानगरपालिकाका १८ वडाका जनप्रतिनिधि, पालिकाका कर्मचारी र रेडक्रसका स्वयंसेवकका लागि ४ दिने प्राथमिक उपचार तालिम दिएको छ ।

कास्की शाखाका सभापति डण्डराज शर्माको सभापतित्व र पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्राथमिक उपचार समितिका संयोजक विष्णुप्रसाद भण्डारीले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो भने महानगरका विपद महाशाखाका प्रमुख सुरेन्द्र शर्माले शुभकामना मन्तव्य दिनु भएको थियो ।

प्रमुख अतिथि उपमेयर मञ्जुदेवी गुरुङले प्राथमिक उपचारको आवश्यकता र महत्वको विषयमा चर्चा गर्नुभयो । वहाँले रेडक्रस कास्की शाखासँगको सहकार्यका विषयमा जोड दिनु भयो । सभापति डण्डराज शर्मा पौडेलले दुई निकाय बीचको पारस्परिक सम्बन्ध र सहकार्यका विषयमा जोड दिनु भएको थियो । तालिममा महानगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र रेडक्रसकर्मी गरी २४ जनाको सहभागिता रहेको थियो । प्रशिक्षकहरु मोहनसिंह खड्का, लक्ष्मण कोइराला, मित्रलाल सुवेदी र नवराज भण्डारीले प्राथमिक उपचार सम्बन्धी विषयमा सहजीकरण गर्नु भएको थियो ।

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलको अध्यक्षतामा भएको समापन कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य रहनु भएको थियो । ४ दिने तालिमको सन्दर्भमा पोखरा १६ र पोखरा २२ का जनप्रतिनिधिले समग्रमा तालिम अत्यन्त प्रभावकारी र फलदायी रहेको उल्लेख गर्दै हरेक वडा र समुदायहरुमा तालिमको महत्व र आवश्यकता भएकोमा महानगरपालिका र रेडक्रसले समुदायस्तरमा समेत तालिम सञ्चालन गर्नु पर्नेमा जोड दिनु भयो ।

तालिमको समग्र मूल्याँकन गर्दै तालिम संयोजक मोहनसिंह खड्काले प्राथमिक उपचारको महत्व, सन्दर्भ र प्राथमिक उपचार स्वयंसेवकहरुको भूमिकाको विषयमा प्रकाश पार्नु भयो । वहाँले भविष्यमा समेत महानगर र रेडक्रको बीच समन्वय र सहकार्य हुनु पर्नेमा जोड दिनु भयो ।

प्रमुख अतिथि पोखरा महानगरका प्रमुख धनराज आचार्यले सहभागीलाई प्रमाणपत्र वितरण गर्दै तालिम प्रभावकारी रुपमा सञ्चालन एवं सम्पन्न भएकोमा धन्यवाद ज्ञापन गर्नु भयो । वहाँले रेडक्रसद्वारा सञ्चालन गरिने मानवीय सेवाका गतिविधिमा पोखरा महानगरपालिकाको सदैव साथ, सहयोग र समर्थन रहने प्रतिवता व्यक्त गर्नु भयो । सभापति डण्डराज शर्माले रेडक्रस कास्की शाखा र महानगरपालिका बीचको सहकार्यको निरन्तरामा जोड दिनुभयो । तालिममा प्रशिक्षकहरु मोहनसिंह खड्का, लक्ष्मणप्रसाद कोइराला, मित्रलाल सुवेदी, नवराज भण्डारी र शिरिषा ढकालले सहजीकरण गर्नु भएको थियो ।

यसै गरी चैत्र १९ र २० गते पोखरा- १५ वडा कार्यालयको आर्थिक सहयोग र नेपाल रेडक्रस सोसाइटी, पोखरा- १५ उपशाखाको आयोजनामा उपशाखा क्षेत्र भित्र रहेका विद्यालयहरुको सहभागितामा २ दिने विद्यालय प्राथमिक उपचार तालिम सम्पन्न भयो । नेरेसो पोखरा-१५ उपशाखाका सभापति एवं जिल्ला कार्यसमितिका सदस्य कमलप्रसाद पौडेलको संयोजकत्वमा भएको तालिममा सूर्यप्रसाद तिमिल्सिना र गणेश भण्डारीले प्राथमिक उपचारको विषयमा सहजीकरण गर्नु भएको थियो ।

# शुभकामना आदान प्रदान कार्यक्रम

रेडक्रस कास्की शाखा र मातहत सञ्चालित विभागमा कार्यरत कर्मचारीहरुको व्यवस्थापनमा जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्यहरु र कर्मचारीहरुको सहभागितामा नयाँवर्ष २०८१ अवसरमा २०८१ वैशाख ८ गते पोखरा महानगरपालिका वडा नं.-११ स्थित काहुँडाँडामा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा शाखाका सभापति डण्डराज शर्मा पौडेल, रेडक्रस गण्डकी प्रदेश समितिका अध्यक्ष सूर्यप्रसाद ढकालले शाखा र प्रदेशका तर्फबाट मन्तव्य सहित सबैमा शुभकामना व्यक्त गर्नु भएको थियो भने कर्मचारीहरुको तर्फबाट कार्यालय प्रमुख मोहनसिंह खड्काले सबै प्रति शुभकामना सहित आभार व्यक्त गर्नु भएको थियो । शाखाका लेखा अधिकृत गणेशप्रसाद कोइरालाले सञ्चालन गर्नु भएको कार्यक्रममा जिल्ला कार्यसमितिका उपसभापतिद्वय उर्मिला खड्का र धर्मराज अधिकारी, मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, अन्य पदाधिकारी तथा सदस्यहरु, सल्लाहकार मंगलबहादुर नेपाली र कर्मचारीहरुले समेत नयाँ वर्षको अवसरमा शुभकामना प्रदान गर्नु भएको थियो । कार्यक्रममा खेल लगायतका अतिरिक्त मनोरञ्जनात्मक गतिविधिहरु समेत समावेश गरिएको थियो ।

# प्रतिवेदन लेखन तथा उद्घोषण तालिम




नेपाल रेडक्रस सोसाइटी कास्की अन्तर्गतको लैंगिक तथा सामाजिक समावेशीकरण समितिले उपशाखाका महिला सदस्यलाई प्रतिवेदन लेखन तथा उद्घोषण तालिम दिएको छ ।

यस वर्षको वार्षिक कार्यक्रम अनुसार आ.व.२०८०/०८१ मा सम्पन्न गर्नुपर्ने कार्यक्रम अन्तर्गत असार ७ र ८ गते तालिम दिएको हो ।

शाखाका सभापति डण्डराज शर्मा पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा उपसभापति उर्मिला खड्का भण्डारीले कार्यक्रमको उद्देश्यमा माथि प्रकाश पार्नु भएको थियो भने कोषाध्यक्ष सन्तोष अधिकारीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्य समितिका सदस्य रमा त्रिपाठीले सञ्चालन गर्नु भएको कार्यक्रममा सभापति पौडेलले रेडक्रस अभियानमा कास्की शाखाले पुऱ्याएको योगदान र महिला सहभागितामा सन्दर्भमा प्रकाश पार्नु भएको थियो ।

तालिममा कार्यालय प्रमुख मोहनसिंह खड्का, सञ्चारकर्मी रेडियो एभरेष्टका प्रबन्ध निर्देशक दिपेन्द्र श्रेष्ठ र वरिष्ठ प्रशासन सहायक नवराज भण्डारीले सहजीकरण गर्नु भएको थियो । तालिममा पोखरा महानगरपालिका भित्रका उपशाखाहरुका ३५ जना महिला सदस्यको सहभागिता रहेको थियो । तालिमको समापन कार्यक्रममा सहभागी नेरेसो पोखरा- २३ उपशाखाका सभापति गिता विश्वकर्मा, पोखरा- २० उपशाखाका उपसभापति सुस्मिता केसी र पोखरा- २,३ उपशाखाका प्रतिनिधि सोममाया राईले तालिमका अवसरमा भएको सिकाईको अनुभवका विषयमा आ-आफ्ना भनाईहरु राख्नु भएको थियो ।

उपसभापति उर्मिला खड्का भण्डारीले सहभागीलाई प्रमाणपत्र वितरण गर्दै तालिम अत्यन्त सफल र प्रभावकारी भएको र तालिमबाट प्राप्त गरेको ज्ञान, सिप र धारणालाई महिला सदस्यहरुले व्यवहारमा ल्याउनु पर्नेमा जोड दिनुभयो ।

# रोटरी क्लब अफ याङ्जु, कोरियाको प्रतिनिधि मण्डलसँग भेटघाट




रक्तसञ्चार सेवाको स्तरोन्नति गरी स्वच्छ र स्वस्थ रगत तथा रक्तजन्य पदार्थ उपलब्ध गराउने अभियानका साथ मानवीय सेवा र स्वास्थ्यका क्षेत्रमा क्रियाशिल रेडक्रस कास्की शाखाद्वारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा पोखराको लागि रोटरी ग्लोबल ग्रान्ट मार्फत रक्त संकलन एम्बुलेन्स बस उपलब्ध गराइने भएको छ ।

त्यसको लागि रोटरी क्लब अफ याङजु, दक्षिण कोरियाको प्रतिनिधि मण्डलसँग माघ २ गते भेटघाट कार्यक्रम सम्पन्न भयो । रोटरी याङजुका अध्यक्षको नेतृत्वमा आएको प्रतिनिधि मण्डलमा त्यस संस्थाका पूर्वअध्यक्ष र नेपाल विभाग हेर्ने प्रतिनिधिहरुको समेत सहभागिता रहेको थियो । कार्यक्रममा शाखाका सभापति डण्डराज शर्मा पौडेलले अतिथिहरुलाई खादा माला सहित स्वागत गर्दै, रोटरी याङजु र रोटरी क्लब अफ पोखरा अन्नपूर्णले रक्तसञ्चार सेवामा पुऱ्याएको योगदान प्रति आभार व्यक्त गर्नु भयो । त्यसै गरी उपसभापति एवं स्वास्थ्य समितिका संयोजक धर्मराज अधिकारी र मन्त्री सुरेन्द्र गुरुङले पनि रोटरी प्रति आभार व्यक्त गर्दै भविष्यमा समेत सहकार्य हुने कुरामा विश्वास व्यक्त गर्नु भयो ।

प्रतिनिधि मण्डलमा तर्फबाट क्लबका अध्यक्षले खुशी व्यक्त गर्दै आगामी दिनमा समेत सहकार्य गर्दै जाने कुरामा जोड दिनु भएको थियो ।

सोही अवसरमा आरदायुको संयोजनमा रक्तदान कार्यक्रमको समेत आयोजना गरिएको थियो ।

# रेडक्रस अभिमुखीकरण

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजना र माछापुच्छ्रे- ५ उपशाखा रिभानको व्यवस्थापनमा रिभानमा १ दिने उपशाखा स्तरीय रेडक्रस अभिमुखीकरण भएको छ ।

कार्यक्रममा महिला स्वास्थ्य र रक्तदाता उत्प्रेरणा सम्बन्धी कार्यक्रम समेत भएको छ । उपशाखाका सभापति भगवती गुरुङको सभापतित्व र वडा अध्यक्ष नारायण पौडेलको प्रमुख आतिथ्यता एवं कास्की शाखाका उपमन्त्री रमा न्यौपाने कोइरालाको विशेष उपस्थितिमा भएको कार्यक्रममा उपशाखा क्षेत्रभित्र रहेका रेडक्रसकर्मी, स्वयंसेवक, रेडक्रस सदस्य र स्थानीय समुदायका अगुवालाई रेडक्रस अभियान सम्बन्धी उपमन्त्री रमा न्यौपाने कोइराला र माहिला स्वास्थ्य एवं रक्तदाता उत्प्रेरणा सम्बन्धी रक्तसञ्चार सेवा तर्फ कार्यरत कर्मचारी यमुना केसीले सहजीकरण गर्नु भएको थियो ।

**रक्तदान जीवनदान जीवनदान महादान**

# कोइका प्रतिनिधि मण्डलसँग बैठक सम्पन्न




नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा र कोइका नेपालका प्रतिनिधि मण्डल बीच २०८० चैत्र २ गते कास्की शाखा सचिवालयमा मैत्रीपूर्ण भेटघाट भएको छ।
भेटघाटमा स्वयंसेवक लगायत सहयोगका विषयमा दुई पक्षिय छलफल भएको छ।
कार्यक्रममा शाखाका सभापति डण्डराज शर्मा पौडेलले कोइका नेपालका निर्देशक योङ वे, सोङ इ हान र कार्यक्रम निर्देशक रोशी मुललाई फुलमाला, खादा र बुके प्रदान गरी स्वागत गर्नु भएको थियो। कार्यक्रममा कोइका नेपालका प्रतिनिधि मण्डलले निकट भविष्यमा कास्की शाखाद्वारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा पोखरामा स्वयंसेवकका रुपमा उपलब्ध गराइने मेडिकल टेक्नोलोजिष्ट र ल्याब टेक्निसियन विषयमा जानकारी गराएको छ। दुई संस्था बीचको समन्वय, सहकार्य, जिम्मेवारी र दायित्वका विषयमा छलफल गर्ने उद्देश्यका साथ कार्यक्रम गरिएको हो। कास्की शाखाद्वारा सञ्चालित रक्तसञ्चार सेवाको स्तरोन्नती र विकासका कोइका नेपालको साथ र सहयोग विगतमा जस्तै निरन्तर रही रहने छ। बैठकमा शाखाका तर्फबाट सभापति डण्डराज शर्मा पौडेल, उपसभापति धर्मराज अधिकारी, मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी लगायतले कोइका नेपालबाट कास्की शाखाद्वारा सञ्चालित तत्कालिन क्षेत्रीय रक्तसञ्चार सेवाको विकास र विस्तारमा पुऱ्याइएको योगदानको स्मरण गर्दै भविष्यमा पनि कोइका नेपाल र कास्की शाखाको सम्बन्ध थप मजदुत हुँदै जाने र दुई संस्थाको बीचमा सहयोगको आदान प्रदान हुने विषयमा विश्वास व्यक्त गर्नु भयो। कास्की शाखाका तर्फबाट धन्यवाद सहित मायाको चिनो आदान प्रदान गरियो। बैठक पछि २ संस्थाका सहभागी बीच आपसी सहयोग र सहकार्यका सन्दर्भमा अन्तर्क्रिया समेत गरिएको थियो।

# केन्द्रीय सभाको ४९औं महाधिवेशनमा सहभागिता

नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालयको आयोजनामा २०८१ वैशाख २० र २१ गतेसम्म काठमाण्डौंमा भएको केन्द्रीय सभाको ४९औं महाधिवेशनमा कास्की शाखाको तर्फबाट प्रतिनिधित्व भएको छ।

कास्की जिल्ला शाखाका तर्फबाट सभापति डण्डराज शर्मा पौडेल, महिला उपसभापति उर्मिला खड्का भण्डारी र मन्त्री सुरेन्द्र गुरुङको प्रतिनिधिका रुपमा र ४१औं जुनियर युवा राष्ट्रिय गोष्ठीको आतिथ्यता प्रदान गर्ने सर्कल शिवशक्ति मावि पोखराबाट शिक्षक नायक शर्मिला बराल सापकोटा र सर्कलको अध्यक्षको पर्यवेक्षकका रुपमा सहभागिता रहेको थियो, भने नितर्वमान सभापति डोलराज पाण्डेले केन्द्रीय उपकोषाध्यक्षको हैसियतमा प्रतिनिधिका रुपमा प्रतिनिधित्व गर्नु भएको थियो।

दुई दिनसम्म सञ्चालित उक्त महाधिवेशन अत्यन्त सफलताका साथ सम्पन्न भएको र कास्की शाखाको प्रतिनिधित्व अत्यन्त प्रभावकारी रहेको थियो भने यस महाधिवेशनमा विधान संशोधनको विषयलाई निकट भविष्यमा नै टुगो लगाउने गरी विषय प्रवेश नगराउने निर्णय बमोजिम विषय सूचिबाट हटाइएको थियो।

# जिल्लास्तरीय विपद् पूर्वतयारी गोष्ठी सम्पन्न

कास्कीमा रहेका विपद्का क्षेत्रमा काम गर्ने सरोकारवाला निकायहरुको बीच विपद् पूर्वतयारीको विषयलाई लिएर समन्वयात्मक बैठक कास्की शाखाका उपसभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्काको सभापतित्वमा बसेको छ।

२०८१ जेठ ५ गते शाखाको सचिवालयमा बसेको बैठकमा पोखरा महानगरपालिका, स्थानीय निकायका प्रतिनिधि, गैसस महासंघ गण्डकी प्रदेश र कास्कीका अध्यक्ष एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो। सिद्धार्थ क्लब, आईएनएफ नेपाल, असल छिमेकी नेपाल, कोपिला नेपाल, राष्ट्रिय मानव अधिकार आयोग, पोखरा उद्योग बाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ, पोखरा चेम्बर अफ कमर्स कास्की, असल छिमेकी सहयोग संघ (गोनेसा) इन्सेक गण्डकी प्रदेश, कम्युनिटी सपोर्ट ग्रुप, नौलो घुम्ती नेपाल, गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समिति, डेभिजफल युथ क्लब, रेडक्रसका उपशाखा लगायत विभिन्न संघसंस्थाका प्रमुख एवं प्रतिनिधिको सहभागिता रहेको थियो। बैठकमा जिल्ला भित्र हुने कुनै पनि विपद्का घट्नाहरुमा एकद्वार प्रणालीबाट काम गर्ने, विपद् प्रतिकार्यमा आपसी सहयोग र समन्वय गरी अगाडी बढ्ने निर्णय गरेको छ। विपद्को जोखिम नक्शाङकन गर्ने, तालिम र दक्ष जनशक्तिको विकास गर्ने, कृत्रिम घट्ना अभ्यास गर्ने, सचेतनाका गतिविधिहरु सञ्चालन गर्ने, संस्थागत क्षमताको बृद्धि गरी विपद् पूर्वतयारीका गतिविधिहरु सञ्चालन गरी तम्तयारी अवस्थामा रहने जस्ता महत्वपूर्ण निर्णहरु भएका छन्। आवश्यकताको आधारमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखा मार्फत राहत सामाग्रीहरु प्रदान गर्ने समेत सहमती भएको छ।

# विश्व रेडक्रस दिवस

'मानवतालाई जीवित राखौं' Keeping Humanity Alive भन्ने नाराका साथ यस वर्षको विश्व रेडक्रस दिवस २०८१ वैशाख २६ गते (मे.-८)का दिन शाखा र मातहतका उपशाखाहरु, जुनियर र युवा सर्कलहरुमा विविध कार्यक्रमको आयोजना गरी मनाइयो।

उक्त अवसरका शाखामा रेडक्रसका संस्थापक जाँ हेनरी ड्युनाको फोटोमा माल्यापर्ण सहित दिप प्रज्वलन गरिएको थियो। सोही अवसरमा रेडियो परिसंवाद, रक्तदान कार्यक्रम र स्थानीय पत्रपत्रिकामा लेख रचना प्रकाशन गरिएको थियो। त्यसैगरी शाखा मातहत रहेका विभिन्न उपशाखाहरुमा रेडक्रस अभिमुखीकरण कार्यक्रम र विद्यालय सर्कलहरुमा व्याच बितरण, अतिरिक्त क्रियाकलापहरु, रक्तदान कार्यक्रम, सरसफाई कार्यक्रम लगायतका गतिविधिहरु सञ्चालन गरी विश्व रेडक्रस दिवस मनाइएको छ।

# शिविरमा ३ सयको स्वास्थ्य परीक्षण

नेपाल रेडक्रस सोसाइटी पोखरा ३१ उपशाखा वेगनासको आयोजना निशुल्क स्वास्थ्य शिविर भएको छ ।

युआरएल शिशुवाको प्राविधिक सहयोगमा पचभैयाँमा भएको शिविरमा ३ सय ५ जनाको स्वास्थ्य परीक्षण गरिएको छ । कार्यक्रममा वरिष्ठ बाथ तथा प्रतिरक्षा रोग विशेषज्ञ डा रामकृष्ण गिरीले वाथ रोग लाग्नुका कारण, लक्षण, उपचार प्रक्रिया आदिबारे प्रकाश पार्नुभयो ।

पोखरा ३१ का वडाध्यक्ष ढकनाथ कँडेलले रोग लागिसकेपछि उपचारलाई भन्दा लाग्नै नदिन सचेतना, बेला बेलामा जाँच जस्ता कुरामा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । युआरएलका अध्यक्ष ठाकुरप्रसाद पन्तले युआरएलले ११ वर्षदेखि पोखरा र आसपासका क्षेत्रमा गुणस्तरीय ल्याब सेवासँगै बेला बेलामा निशुल्क शिविरसँगै सचेतना कार्यक्रम गर्दै आएको जनाउनुभयो ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कास्की कोषाध्यक्ष सन्तोष अधिकारीले लेखनाथ क्षेत्रमा मुटुरोग र वाथसम्बन्धी कार्यक्रम भइसकेको जनाउँदै चाँडै पाठेघरको क्यान्सर जाँच शिविर आयोजना



गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । रेडक्रस सोसाइटी पोखरा ३१ उपशाखाकी कार्यवाहक सभापति बबिता सुवेदीले स्थानीयलाई स्वास्थ्यबारे सचेत बनाउन र रोग लागिसकेको भए उचित उपचारका लागि उत्प्रेरित गर्न कार्यक्रम गरिएको जनाउनुभयो ।

कार्यक्रममा अमरसिद्ध माविका प्रधानाध्यापक विष्णुप्रसाद पौडेल, ग्लोबल आइएमइ बैंकका रामचन्द्र कँडेल, रेडक्रस उपशाखाका सचिव कृष्ण तिमिल्सिना लगायतले शिविरको बारेका बोल्नुभएको थियो । युवा रेडक्रम सर्कल अमरसिद्ध नमुना मावि, नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखा, पोखरा ३१ वडा कार्यालय र ग्लोबल आइएमई बैंकले पनि कार्यक्रमका लागि सहकार्य गरेका थिए ।

# रक्तसञ्चार सेवा उपकरण हस्तान्तरण

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाद्वारा सञ्चालित रक्तसञ्चार सेवाबाट प्रदान गरिने रगत तथा रक्ततत्वहरुको स्वस्थता, शुद्धता र गुणस्तरलाई कायम गरी सेवा प्रदान गर्ने उद्देश्यका साथ आवश्यक र अत्याधुनिक प्रयोगशाला उपकरणहरुको व्यवस्थापन गर्दै जाने लक्ष्य बमोजिम नवनिर्मित रक्तसञ्चार सेवा भवनमा प्रयोगशाला व्यवस्थाप( नका कार्यहरु सञ्चालन भइरहेको छ ।

यसै सन्दर्भमा विभिन्न दातृ निकायहरुबाट आवश्यक उपकरणहरु सहयोग स्वरुप प्राप्त भइरहेका छन् । हालसम्म युनिका फाउण्डेसन दि नेदरल्याड्स, पोखरा महानगरपालिका वडा नं.-८ को कार्यालयबाट शितकक्ष, ब्लडबैंक रेफ्रिजेरेटर, डिपफ्रिज र डोनर चियरहरु हस्तान्तरण भएको छ । वैशाख महिनामा पाखेरा-७ वडा कार्यालय, लुम्बिनी विकास बैंक र पोखरा- १५ वडा कार्यालयबाट डानेसन चियर, हट एयर ओभन, प्लाज्मा एक्सप्रेसर स्टेथोस्कप लगायतका सामाग्रीहरु सम्बन्धित दाताहरुबाट विशेष कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरिएको छ, भने मादी गाउँपालिकाबाट केही प्रयोगशाला उपकरणहरु हस्तान्तरण गरेको छ । भने पोखरा महानगरपालिका प्रयोगशाला उपकरणहरु हस्तान्तरण गर्ने प्रक्रियामा रहेको छ ।

# परियोजनाको अवलोकन

युनिका फाउण्डेसन दि नेदरल्याण्ड्सको आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाद्वारा पर्वत जिल्लाको जलजला स्थित लेखफाँट र मोदी स्थित ठानामा सञ्चालित खानेपानी तथा सरसफाइ परियोजनाको युनिका फाउण्डेसनका नेपाल प्रतिनिधि रमेश पौडेलले यही असार १२ र १३ गते स्थलगत अनुगमन गर्नु भयो ।

सोही सन्दर्भमा असार १४ गते नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको पदाधिकारी सहित युनिका फाउण्डेसनका नेपाल प्रतिनिधि रमेश पौडेल र खानेपानीका कर्मचारीहरु सहितको संयुक्त बैठक शाखामा सम्पन्न भयो । बैठकमा चालु परियोजनाको अवस्था, प्रगति र भावी परियोजनाहरुको विषयमा छलफल एवं समिक्षा सम्पन्न भयो ।

कार्यक्रममा शाखाका सभापति डण्डराज शर्माले युनिका फाउण्डेसन र नेपाल प्रतिनिधि रमेश पौडेल प्रति धन्यवाद ज्ञापन सहित आभार व्यक्त गर्नु भयो । बैठकमा पदाधिकारी, सदस्य, युनिका फाउण्डेसनका नेपाल प्रतिनिधि र कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# रेडक्रस कास्कीलाई सहयोग

गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समिति पोखरा १७ छोरेपाटनले विपद् व्यवस्थापन सहयोग अन्तर्गत नेपाल रेडक्रस सोसाइटी कास्कीलाई त्रिपाल हस्तान्तरण गरेको छ ।

'विपत्तिमा सहारा' भन्ने उद्घोषका साथ मनसुन जन्य विपद् प्रभावितलाई प्रदान गर्न ३० थान त्रिपाल सहयोग गरेको समितिका अध्यक्ष लक्ष्मण बास्तोलाले जानकारी दिनुभयो । समितिका अध्यक्ष बास्तोलाले विपद् व्यवस्थापन र मानवीय सेवाका क्रियाशील रेडक्रससँग विगतदेखि समन्वय र सहकार्य गर्दै आएको उल्लेख गनुभयो । उहाँले मनसुन जन्य विपद्लाई मध्यनजर राख्दै आगामी दिनमा समेत रेडक्रस कास्कीलाई सहयोग गर्ने बचन दिनुभयो ।

रेडक्रस सोसाइटी कास्कीका सभापति दण्डराज शर्मा पौडेल, रेडक्रस कास्कीका उपसभापति उर्मिला खड्का भण्डारी, रेडक्रस कास्कीका उपसभापति धर्मराज अधिकारी, कार्यवहाक मन्त्री रमा कोइराला न्यौपाने, कार्यसमितिका सदस्यहरु पार्वती कार्की, रमेशराज भण्डारी, नेपाल रेडक्रस




सोसाइटी उपशाखा पोखरा १७ का सल्लाहकार झविन्द्र रेग्मी, गुफा व्यवस्थापन समितिका वरिष्ठ उपाध्यक्ष युवक लामिछाने, सचिव हरि लम्सालले विपद् व्यवस्थापनमा सामाजिक संघ संस्थाले खेल्नु पर्ने भूमिकाको बारेमा बोल्नु भएको थियो ।

गुप्तेश्वर महादेव गुफा व्यवस्थापन समिति नेपाल रेडक्रस सोसाइटी कास्कीको संस्थागत सदस्य हो । समितिले रेडक्रस कास्कीको प्रादेशिक रक्त सञ्चार सेवा (ब्लड बैंक) सहितको बहुउद्देश्यीय भवनमा ३० लाखको लागतमा गुप्तेश्वर महादेव गुफा कक्ष निर्माण गरेको छ ।

# ४१औं जुनियर युवा तथा ३०औं शिक्षक नायक गोष्ठी




नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाको आयोजना र युवा रेडक्रस सर्कल छोरेपाटन माध्यामिक विद्यालय, पोखरा- १७, छोरेपाटनको व्यवस्थापनमा ४१औं जिल्लास्तरीय जुनियर युवा तथा ३०औं शिक्षक नायक गोष्ठी २०८१ जेठ ११ र १२ गते छोरेपाटनमा सम्पन्न भयो ।

विद्यालय तहमा रहेका जुनियर तथा युवा विद्यार्थीहरु रेडक्रसको सिद्धान्त र आदर्शबाट प्रेरित भई भविष्यमा सशक्त राष्ट्र सेवकका रुपमा रही मानवीय सेवाका क्षेत्रमा क्रियाशिल बन्न सकुन भन्ने उद्देश्यका साथ गोष्ठी भएको हो । कार्यक्रममा कास्कीका १०३ विद्यालय सर्कलका १०३ शिक्षक नायक र २०७ जुनियर युवा सहभागि गरी ३१० जनाको सहभागिता रहेको थियो ।

विद्यालय सर्कलका अध्यक्ष सुशान्त सुवेदीको अध्यक्षता भएको कार्यक्रम गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको प्रमुख आतिथ्यतामा भएको थियो । मुख्यमन्त्री अधिकारी लगायत नेपाल रेडक्रस सोसाइटी कास्की शाखा सभापति डण्डराज शर्मा पौडेल केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, पोखरा महानगरपालिका वडा नं.-१७ का वडा अध्यक्ष राधिका शाही योगी, शिक्षा विकास तथा समन्वय इकाई कास्कीका प्रमुख लोकनाथ आचार्य, विद्यालयमा संरक्षक, उपशाखा सभापति, जुनियर युवा समितिका संयोजक रमेशराज भण्डारी लगायतले रेडक्रसका गतिविधि, रेडक्रसमा विद्यालय सर्कलको भूमिकाको बारेमा बोाल्नु भएको थियो ।

गोष्ठीमा वार्षिक प्रतिवेदन, आगामी वर्षका कार्यक्रमहरुका सन्दर्भमा छलफल एवं समिक्षा, साइबर सुरक्षा, सडक सुरक्षा, जलवायु परिवर्तन, नेतृत्व विकास, विपद्मा जुनियर युवाको भूमिका लगायतका सान्दर्भिक विषयहरुमा सहजीकरण गरिएको थियो ।

गण्डकी प्रदेश सभाका सदस्य भीम कार्कीको प्रमुख आतिथ्यता र नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय अध्यक्ष प्रा सुदर्शन नेपालको विशेष आतिथ्यतामा भएको समापन कार्यक्रममा सहभागीलाई प्रमाणपत्र वितरण गरिएको थियो । कार्यक्रम शिक्षक नायक युवराज सुवेदीले सञ्चालन गर्नु भएको थियो ।

# विद्यालय प्राथमिक उपचार तालिम सम्पन्न

विद्यालय स्तरमा अध्ययनरत विद्यार्थीहरुलाई प्राथमिक उपचार सम्बन्धी ज्ञान र सीपको विकास गराई मानवीय सेवाका क्षेत्रमा लाग्न प्रेरित गर्ने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी पोखरा- ५ उपशाखाको आयोजनामा विद्यालय प्राथमिक उपचार तालिम गरिएको छ ।

तालिममा पोखरा- ५ उपशाखा क्षेत्र भित्र रहेका विद्यालयमा अध्ययनरत २४ जना विद्यार्थीको सहभागिता रहेको छ । २०८१ वैशाख १३ र १४ गते भएको तालिममा प्राथमिक उपचार सम्बन्धी आधारभूत विषयहरुमा नवराज भण्डारी र सुनिल गायकले सहजीकरण गर्नु भएको थियो ।

# रेडक्रस अध्ययन अवलोकन भ्रमण कार्यक्रम सम्पन्न

मानवीय सेवामा समर्पित नेपाल रेडक्रस सोसाइटीका अन्य जिल्ला शाखाहरुमा भएका गतिविधिको अध्ययन एवं अवलोकन गर्ने र आपसी सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाले प्रत्येक वर्ष अन्तर जिल्ला शाखा अध्ययन अवलोकन भ्रमणको आयोजना गर्दै आएको छ ।

यसैको निरन्तरता स्वरुप २०८० चैत्र २३ गतेदेखि २८ गतेसम्म सुदुरपश्चिम र कर्णली प्रदेशका डडेल्धुरा, डोटी, दैलेख, अछाम, जाजरकोट, पश्चिम रुकुम र पूर्वी रुकुम जिल्ला शाखाहरुको अध्ययन, अवलोकन भ्रमण एवं भेटघाट कार्यक्रम भएको छ । कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलको नेतृत्वमा गएको भ्रमण टोलीले ती जिल्ला शाखाबाट सञ्चालन गरेका मानवीय सेवाका गतिविधिहरु, रेडक्रस अभियान, सामुदायिक विकासका कार्यक्रम लगायत सांगठनिक अवस्थाका विषयमा समेत अध्ययन एवं अवलोकन गरेको थियो । यसका अतिरिक्त ती क्षेत्रका धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदा र पर्यटकीय स्थल एवं सो क्षेत्रको भौगोलिक, प्राकृतिक, सांस्कृतिक र सामाजिक रहन सहन विषयमा समेत अध्ययन तथा अवलोकन गरेको थियो ।

भ्रमण दलमा शाखाका सभापति डण्डराज शर्मा पौडेल, निवर्तमान सभापति एवं केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, महिला उपसभापति उर्मिला खड्का भण्डारी, मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, सदस्यहरु कमलप्रसाद पौडेल, खगेन्द्रराज पराजुली, सुवास अधिकारी, चन्द्रप्रसाद सापकोटा, पार्वती कार्की, बविता सुवेदी, रमा त्रिपाठी, सीतादेवी विश्वकर्मा, सल्लाहकार सदस्य मंगलबहादुर नेपाली, पोखरा-८ उपशाखा सभापति सीता पाण्डे, पोखरा-१२ उपशाखा सभापति कुश्मराज आचार्य, पोखरा- १७ उपशाखा सभापति हरि श्रेष्ठ, माछापुच्छ्रे- ५ उपशाखा सभापति भगवती गुरुङ, रुपा- ७ उपशाखा सभापति तीर्थराज न्यौपाने र कर्मचारीहरु द्वय कृष्णप्रसाद कोइराला र सिर्जना बास्तोला रहनु भएको थियो ।

भ्रमणटोलीलाई सम्बन्धित जिल्ला शाखाका सभापति, पदाधिकारी तथा सदस्य र कर्मचारीहरुले अत्यन्त भव्यताका साथ स्वागत एवं सत्कार गर्नु भएको थियो भने भ्रमण अत्यन्त सभ्य र भव्य रुपमा सफल बनेको छ । भ्रमणले उक्त जिल्ला शाखाहरुसँग आपसी मित्रता र पारस्परिक सम्बन्धको विकास समेत गरेको छ ।

# विपद्का स्वरूप फेरिए




प्राकृतिक प्रकोप तथा मनसन जन्य विपद्का घटनालाई व्यवस्थापन गर्न नेपाल रेडक्रस सोसाइटी कास्कीले जिल्ला स्तरीय विपद् व्यवस्थापन पूर्व तयारी गोष्ठी गरेको छ ।

पोखरा महानगरपालिका वडा नम्बर ९को वडा कार्यालयको सहयोग र नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखाका व्यवस्थापनमा भएको गोष्ठीमा कास्कीका ४८ उपशाखाका प्रतिनिधिहरुको सहभागिता रहेको छ । गोष्ठीमा रेडक्रस सोसाइटी कास्कीका कार्यालय प्रमुख मोहनसिंह खड्काले विपद् चक्र, रेडक्रसको खानेपानी परियोजनाका कार्यक्रम व्यवस्थापक कल्पना ज्ञवालीले उपशाखाको काम कर्तव्य र भूमिका र विपद् व्यवस्थापन समितिका संयोजक नवराज भण्डारीले विपद् व्यवस्थापनमा जिल्ला शाखाको तयारीको अवस्थाको बारेमा सहजीकरण गनुभयो।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डेले गोष्ठीको उद्घाटन गर्दै जलवायु परिवर्तनको कारण परेको असरले विपद्का घटनाका स्वरुप फेरिएको जानकारी दिनुभयो । 'अव्यवस्थित बसोवासको कारण शहरी क्षेत्रहरु विपद्को उच्च जोखिममा छन्,'उहाँले भन्नुभयो, 'जलवायु परिवर्तन लगायतका कारण वैशाख महिनामा सेती बाढीको समाना गर्नु परेको छ । अतिवृष्टि र अनावृष्टिको सामना गर्नु परेको छ ।' उहाँले नेपालले परम्परागत देखि विभिन्न खालको विपद्को सामना गर्नु परेको उल्लेख गनुभयो ।

पोखरा महानगरपालिका वडा नम्बर ९का अध्यक्ष दिपेन्द्र मरासिनीले सबै राज्यका निकायले गर्नु पर्ने काम रेडक्रसले गरेको प्रतिक्रिया दिनुभयो । रेडक्रसले आफुलाई धेरै लगानी गरेकोले अहिले आएर ब्याज तिर्ने अवसर मिलेको उहाँले उल्लेख गनुभयो । प्रत्येक वडामा विपद् व्यवस्थापनको लागि बजेट विनियोजन गरेको जानकारी दिदै उहाँले बजेट सिलिङको १० प्रतिशत विपद् व्यवस्थापनमा खर्च गर्नु पर्ने व्यवस्था भएको बताउनुभयो।

नेपाल रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्मा पौडेलले मातहतका उपशाखालाई आमन्त्रण गरेर विपद् व्यवस्थापन पूर्व तयारीको गोष्ठी गर्ने रेडक्रसको प्रचलन रहेको जानकारी दिनुभयो । रेडक्रस विपद्को साथी भएको उल्लेख गर्दै उहाँले रेडक्रसकर्मीको क्षमता अभिवृद्धि गर्न सके विपद् व्यवस्थापनमा सहयोग पुग्ने चर्चा गनुभयो । रेडक्रसको राहत उद्दारको काम कास्कीमा मात्र सिमित नहुने जानकारी दिदै उहाँले भूकम्पको बेलामा गोरखा, रुकुम र जाजरकोटमा राहत कार्यक्रम गरेको बताउनुभयो । उहाँले अनुगमनको कामलाई प्रभावकारी बनाएर वास्तविक प्रभावितलाई मात्र सिफारिस गर्न मातहतका उपशाखालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा रेडक्रस कास्कीका उपसभापति तथा विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीले विपद् पूर्व तयारी गोष्ठी पश्चात वडा स्तरमा तयारीका कार्यक्रम गर्न आग्रह गनुभयो । उहाँले कास्कीका ५ पालिका मध्ये मादी र रुपामा पूर्व तयारीका काम गर्न बाँकी रहेको जानकारी दिनुभयो ।

रेडक्रसका कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, नेपाल रेडक्रस सोसाइटी पोखरा ९ उपशाखाका उपसभापति राममाया मानन्धर लगायतले विपद् व्यवस्थापनको लागि गर्नु पर्ने पूर्व तयारीको बारेमा बोल्नुभएको थियो । कार्यक्रममा विपद् व्यवस्थापनको लागि कोष स्थापनादेखि प्राकृतिक प्रकोप, दुर्घटना र विपतबाट प्रभावितहरुको राहत तथा उद्दारको लागि रेडक्रस कास्की अन्तर्गतका उपशाखाको क्षमता मुल्यांकन गरिएको थियो ।

# सामुदायिक विकास गतिविधिहरू

क) खानेपानी परियोजना :

युनिका फाउण्डेसन दि नेदरल्याण्डको आर्थिक सहयोगमा यस वर्ष सञ्चालन गरिने अन्नपूर्ण गाउँपालिका वडा नं.-३ स्थित मराम्चे समुदाय र पर्वत जिल्लाको जलजला स्थित लेखफाँट र मोदी गाउँपालिका स्थित ठानामा खानेपानी तथा सरसफाई परियोजनाका लागि आवश्यक कर्मचारी नियुक्ति गरेर काम अगाडी बढाइएको छ । साथै कर्मचारीहरुको जिम्मेवारी बाँडफाँड, कर्मचारी अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

तीन वटै समुदायमा निम्न अनुसारको उपभोक्ता समिति गठन भई सामग्री खरिद प्रक्रियाका लागि बोलपत्र समेत आव्हान गरिएको छ ।

उपभोक्ता समितिको विवरण:

१) ठाना खानेपानी तथा सरसफाई परियोजना, मोदी, पर्वत :

अध्यक्ष - कमल बहादुर केसी
उपाध्यक्ष- भविलाल शर्मा
सचिव - मञ्जुकुमारी पौडेल
कोषाध्यक्ष- पूर्णकुमारी जिसी घर्ती
सदस्य - भद्रबहादुर सुनार
सदस्य - प्रेमप्रसाद सुवेदी
सदस्य - देवबहादुर केसी
सदस्य - सीता जिसी
सदस्य - टिकाराम शर्मा

२) मराम्चे खानेपानी तथा सरसफाई परियोजना, अन्नपूर्ण, कास्की :

अध्यक्ष - डिलबहादुर केसी
उपाध्यक्ष- आशिका शर्मा अधिकारी
सचिव - कृष्णप्रसाद अधिकारी
कोषाध्यक्ष- संगीता तिमिल्सिना
सदस्य - अप्सरा पौडेल
सदस्य - वलराम पौडेल
सदस्य - तिलप्रसाद पौडेल

३) जलजला लेखाफाँट सोलार लिफ्टिङ खानेपानी तथा सरसफाई परियोजना, लेखफाँट, पर्वत :

अध्यक्ष - ओमप्रसाद रेग्मी
उपाध्यक्ष- ठहर सिंह दर्जी
सचिव - याम शर्मा पौडेल
कोषाध्यक्ष- सुन्तली दमाई
सहसचिव- रामचन्द्र कार्की
सदस्य - सुनिल दर्जी
सदस्य - सविना सुवेदी
सदस्य - यमुनादत्त पौडेल
सदस्य - दुर्गा पौडेल

# विपद्‌बाट प्रभावितलाई प्रदान गर्न त्रिपाल सहयोग




मनसुनजन्य विपद्‌बाट प्रभावितलाई सहयोग गर्नको लागि विभिन्न सामाजिक संघ संस्थाले नेपाल रेडक्रस सोसाइटी कास्कीले त्रिपाल उपलब्ध गराएका छन् । पोखरा १७मा रहेको डेभिजफल क्लब र फ्रन्कलिन स्टडी एबोर्ड प्रालि पोखरा १५ ले बाढी र पैरोबाट प्रभावितको लागि प्रदान गर्न १७ थान त्रिपाल सहयोग गरेको रेडक्रस सोसाइटी कास्कीका सभापति डण्डराज शर्मा पौडेलले जानकारी दिनुभयो ।

कार्यक्रममा डेभिजफल क्लबका अध्यक्ष विनम गुरुङले सभापति पौडेललाई ७ थान त्रिपाल हस्तान्तरण गर्नु भयो । समारोहमा क्लबले संस्थागत सदस्यता नविकरण वापतको २५ हजार नगद समेत कास्की रेडक्रसलाई प्रदान गरेको छ । अध्यक्ष गुरुङले विपद् व्यवस्थापन र मानवीय सेवाका क्रियाशील रेडक्रससँग विगतदेखि समन्वय र सहकार्य गर्दै आएको बताउनुभयो । उहाँले सामाजिक क्षेत्रमा सक्रिय क्लबले मनसुन जन्य विपद्‌लाई मध्यनजर राख्दै आगामी दिनमा समेत सहयोग गर्ने जानकारी दिनुभयो ।

नेपालमा मनसुन भित्रिएसँगै फ्रन्कलिन स्टडी एबोर्डले रेडक्रसलाई १० थान त्रिपाल सहयोग गरेको छ । एक समारोह बीच संस्थाको तर्फबाट गंगाबहादुर खड्काले सभापति पौडेललाई त्रिपाल हस्तान्तरण गर्नुभयो । रेडक्रस सोसाइटी कास्कीका सभापति पौडेलले जिल्ला विपद् व्यवस्थापन समिति कास्कीले चालु आर्थिक वर्षमा प्राकृतिक प्रकोप, दुर्घटना र विपद् जन्य घटनाबाट कास्कीमा ५ देखि ७ सय परिवार प्रभावित हुने प्रक्षेपण गरेको जानकारी दिनुभयो । समितिले वर्षेनी विपद्‌बाट ठुलो जनधनको क्षति हुने गरेकोमा सम्भावित प्रभावितलाई उद्दार तथा राहतको लागि आवश्यक सामाग्री व्यवस्थापन गर्न कास्की रेडक्रसलाई परिपत्र गरेको जानकारी दिदै उहाँले जिल्ला विपद् व्यवस्थापन समिति, सामाजिक संघ संस्थाको सहकार्यमा प्रभावितलाई उद्दार तथा राहत सेवा कार्य गरेको बताउनुभयो । विपद्‌मा काम गर्ने संस्था रेडक्रससँग केही नभएको उल्लेख गर्दै उहाँले सबैको सहयोगमा विपद् व्यवस्थापनको काम गरेको जनाउनुभयो ।

कार्यक्रममा रेडक्रस कास्कीका उपसभापति तथा विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीले रेडक्रसले अस्थायी आवास तथा गैर खाद्य सामाग्री व्यवस्थापनको क्षेत्रमा काम गरेको बताउनुभयो ।

# आपतकालिन आवास तथा गैरखाद्य क्षेत्र (क्लष्टर) बैठक

विपद् व्यवस्थापनको पूर्व तयारीको क्रममा २०८१ जेठ ४ गते आपतकालिन आवास तथा गैरखाद्य क्षेत्र (सेल्टर क्लष्टर) बैठक बसेको छ । नेपाल रेडक्रस सोसाइटी कास्की शाखाका सभापति डण्डराज शर्मा पौडेलको अध्यक्षता एवं प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेको विशेष उपस्थितिमा कास्की शाखाको सचिवालयमा भएको बैठकमा शाखाका उपसभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीले स्वागत गर्नु भएको थियो ।

शाखाको विपद् पूर्वतयारीको अवस्थाको विषयमा शाखाका कर्मचारी नवराज भण्डारीले जानकारी गराउनु भएको थियो ।

जिल्ला विपद् व्यवस्थापन समितिका संयोजक कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले बर्षात्‌को समय नजिकिएसँगै विपद्‌का घट्नाहरुमा वृद्धि भएको बताउनु भयो । वहाँले भविष्यमा हुन सक्ने विपद् जोखिमका लागि कास्कीका सबै सरोकारवाला निकाय र आम सर्वसाधारण समेत विपद्‌को सामना गर्न सक्ने गरी क्षमताको विकास गरेर अगाडी बढ्नु पर्नेमा जोज दिनु भयो । ठूला भन्दा पनि साना र मझौला खालका विपद्‌का घट्नाबाट बढी प्रभावित हुने र सबैको ध्यान त्यस तर्फ कम जाने भएको जानकारी दिदै वहाँले यस्ता खालका विपद् प्रभावितहरुलाई बढी ध्यान दिनु पर्ने कुरामा समेत जोड दिनुभयो । वहाँले सबै क्लष्टरहरु एक आपसमा सहकार्य र समन्वय गरेर अगाडी बढ्नु पर्ने बताउनुभयो ।

क्लष्टर बैठकमा नेपाल रेडक्रस सोसाइटीका केन्द्रीय उपकोषाध्यक्ष डोलराज पाण्डे, रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझा, माछापुच्छ्रे गाउँपालिकाका प्रतिनिधि मोहनप्रसाद शर्मा, पोखरा महानगरपालिका विपद् शाखाका प्रमुख सुरेन्द्र शर्मा, मादी गाउँपालिकाका प्रतिनिधि सुवोध खनाल, अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रसाशकीय अधिकृत विष्णुप्रसाद पोखरेल,गैसस महासंघ कास्कीका अध्यक्ष डा बुद्धिबहादुर थापा, कास्की शाखाका मन्त्री सुरेन्द्र गुरुङ, कोषाध्यक्ष सन्तोष अधिकारी, कार्यालय प्रमुख मोहनसिंह खड्का लगायत विपद् व्यवस्थापनको पूर्व तयारीको बारे बोल्नु भएको थियो ।

# युवालाई उत्प्रेरित गरी रक्तदाता बढाइने

नेपाल रेडक्रस सोसाइटी कास्कीले रक्तदाताको संख्या बढाउन युवा विद्यार्थी लक्षित कार्यक्रम सुरुवात गरेको छ ।

सोही क्रममा अन्तर्राष्ट्रिय रक्तदाता दिवसको सन्दर्भमा रेडक्रस कास्कीले युवा तथा जुनियर सर्कलका सदस्यलाई लक्षित गरी शुक्रबार रक्तदाता उत्प्रेरणा कार्यक्रम गरिएको हो ।

रक्तदाता उत्प्रेरणा सम्बन्धी अभिमुखिकरणमा प्रादेशिक रक्त रञ्चार सेवाका प्रमुख अर्जुन ज्ञवाली र मेडिकल टेक्नोलोजिस्ट सुनिता लम्सालले सहजीकरण गर्नुभयो ।

रेडक्रस कास्कीका सभापति डण्डराज शर्मा पौडेलले कार्यक्रमको उद्घाटन गर्दै सन १९००मा अष्ट्रियाको भियाना निवासी कारल्याण्ड स्टिनले रक्त समूह (एबीओ) ग्रुप पत्ता लगाएपछि रक्तदाता दिवस मनाउन थालेको जानकारी दिनुभयो ।

उहाँले रगत अभाव भएको वेलामा विद्यालय तहमा रक्तदान अभियान गरेको बताउनुभयो । ‘रगत अभाव हुन नदिन कक्षा १२ (पलस टु)सम्मको पढाई हुने विद्यालयमा रक्तदान कार्यक्रम गर्ने प्रचलन छ,’उहाँले भन्नुभयो, ‘युवा विद्यार्थीलाई लक्षित गरी उत्प्रेरणा कार्यक्रमले रक्तदाता बढाउन सहयोग पुगेको छ ।’ उहाँले १ जनाले रक्तदान गर्दा ३ जना व्यक्तिलाई जोगाउन सकिने जानकारी दिनुभयो ।

रेडक्रस कास्कीका उपमन्त्री रमा कोइराला न्यौपानेले ‘दिए मरिन्न, नदिए मरिन्छ’ भन्ने नाराका साथ अन्तर्राष्ट्रिय रक्तदाता दिवस मनाएको जानकारी दिनुभयो । उहाँले रक्तदान अभियानले धेरै नागरिकको ज्यान जोगाउन सकिने बताउनुभयो ।

कार्यक्रममा रेडक्रस कास्कीका कार्यसमिति सदस्य खगेन्द्रराज पराजुली, रेडक्रस कास्कीका विपद् व्यवस्थापन शाखाका प्रमुख नवराज भण्डारी लगायतले सुरक्षित रगत, रक्ततत्व र यसका उत्पादनहरूको आवश्यकता र महत्वलाई अरू व्यापक बनाउनका लागि रक्तदाता दिवस मनाउन लागेको जानकारी दिनुभयो ।

अन्तर्राष्ट्रिय रक्तदाता दिवस २०८१ जेठ ३२ तदनुसार (जुन-१४)मा नेपाल रेडक्रस सोसाइटी कास्की शाखा र मातहतका उपशाखाहरु, जुनियर र युवा सर्कलहरु र स्वयंसेवी रक्तदाताहरुको सहभागितामा रक्तदान कार्यक्रम गरिएको छ ।

सो दिवसको सन्दर्भमा रेडियो परिसंवाद, स्थानीय पत्रपत्रिकामा लेख रचना प्रकाशन र जुनियर युवा समितिको आयोजनामा विभिन्न सर्कलका शिक्षक नायक, जुनियर तथा युवा सदस्यहरुको सहभागितामा शाखामा रक्तदाता उत्प्रेरणा कार्यक्रम गरिएको छ ।

# बाढी प्रभावितलाई रेडक्रस कास्कीको राहत

हाल देशै भरी सकृय रहेको मनसुनी जलवायुसँगै परेको अबिरल बर्षाका कास्की जिल्लाका बिभिन्न स्थानहरुमा बाढी तथा पहिरोका कारण मानवीय क्षतीका साथै ठूलो मात्रामा धनको क्षती भएको अवस्थामा तत्काल घटना स्थालमा पुगेर कास्की शाखाले सहयोग गरेको छ। प्रभावित क्षेत्रमा नेपाल रेडक्रस सोसाइटी कास्की शाखाबाट रेडक्रसकर्मी, एम्बुलेन्स सहित प्राथमिक उपचारटोली र उपशाखाका प्रतिनिधी परिचालन गरी तत्काल राहत सहयोग सहित प्रतिकार्यमा जुटीरहेको छ। कास्की शाखाले हलसम्म वितरण गरेको राहतको अवस्था।

| क्र. सं. | मिति | प्रभावित क्षेत्र | प्रभावित परिवार | | अवस्था | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | पूर्ण क्षती | आंशिक क्षती | घाइते | मृतक | |
| १ | २०८१ असार २४ | पोखरा १४ गस्ती टोल | ८ | २७ | | | स्थलगत रुपमा गई ८ परिवार खाद्य र गैर खाद्य समाग्री हस्तान्तरण |
| २ | २०८१ असार २७ | पोखरा ७ गैरीखेतमा | | २ घर डुवान | | | स्वंसेवक परिचालन<br>२ परिवार गैर खाद्य समाग्री हस्तान्तरण |
| ३ | २०८१ असार २७ | पोखरा ३३ वागमारा सिप्लिङ्गतरा | | ३ घर डुवान | | | स्वंसेवक परिचालन<br>२ परिवार गैर खाद्य समाग्री हस्तान्तरण |
| ४ | २०८१ असार २७ | पोखरा २८ आरुपाटा | १ घर | | २ जना | १ वालक | स्थलगत रुपमा गई खाद्य र गैर खाद्य समाग्री सहित नगद राहत वितरण गरिएको छ। |
| ५ | २०८१ असार २७ | मादी ५ चितेपानी | १ घर | | ३ जना | १ वालिका | स्थलगत रुपमा गई खाद्य र गैर खाद्य समाग्री सहित नगद राहत वितरण गरिएको छ। |
| ६ | २०८१ असार २७ | पोखरा १९ पुरनचौर | ११ | २२ | १ | ७ | स्थलगत रुपमा गई खाद्य र गैर खाद्य समाग्री सहित नगद राहत वितरण गरिएको छ। |
| ७ | २०८१ असार २७ | पोखरा २२ चैनपुर | १ | | १ | ३ | स्थलगत रुपमा गई खाद्य र गैर खाद्य समाग्री सहित नगद राहत वितरण गरिएको छ। |
| ८ | २०८१ असार २७ | मादी ११ | १ | २ | | १ | स्थलगत रुपमा गई खाद्य र गैर खाद्य समाग्री सहित नगद राहत वितरण गरिएको छ। |
| ९ | विभिन्न मिति | कास्कीका विभिन्न भुभागमा गएको पहिरो र वाढी | ८ | १२ | | | ३२ परिवारलाई गैर खाद्य र २४ परिवारलाई खाद्य समाग्री वितरण। |
| १० | विभिन्न मितिमा | पोखरा ३१ | | ९ | | | ९ परिवारलाई त्रिपाल सहयोग गरीएको छ। |
| ११ | विभिन्न मितिमा | पोखरा २३ | | १३ | | | १३ परिवारलाई त्रिपाल सहित ग्रैह खाद्य समाग्री सहयोग गरिएको छ। |
| १२ | विभिन्न मितिमा | पोखरा २३ | | १३ | | | १३ परिवारलाई त्रिपाल सहित ग्रैह खाद्य समाग्री सहयोग गरीएको छ। |
| १३ | विभिन्न मितिमा | पोखरा १८ | | ५ | | | ५ परिवारलाई त्रिपाल सहित ग्रैह खाद्य समाग्री सहयोग गरीएको छ। |

नेपाल रेडक्रस सोसाइटी कास्की शाखाले तत्काल उद्धार तथा राहतका गतिविधिहरु संचालन गर्ने क्रममा आफ्ना स्वंसेवक परिचालन गरी घटना स्थलमा पुगेर खाद्य तथा गैरखाद्य सामग्री साथै विपदका कारण मृत्यु भएका परिवारलाई नगद स्वरुप राहत वितरण गर्ने गरिएको छ। फागुन २०८० देखि असार मसन्त सम्म ६२ परिवारलाई राहत वितरण गरिएको छ। जसमा १३ परिवारलाई खाद्यान्न सहित, ३२ परिवारलाई गैरखाद्य १७ परिवारलाई त्रिपाल मात्र वितरण गरिएको छ। कास्की जिल्लामा अविरल वर्षाका कारण १३ जनाको मृत्यु भएको अवस्थामा तत्काल पुगेर प्रतिव्यक्ति रु ५०००। र सोहि घरमा थप मृत्यु भएको अवस्थमा रु २००० थप गरी दिने निर्णय वमोजिम यस अवधिमा ४ घरका १३ जनाका परिवारलाई नगद रहत वितरण गरिएको छ।

# सरोकारवाला निकायहरु बीच समन्वयात्मक बैठक सम्पन्न

मनसुनको समय नजिकँदै जाँदा दिनानुदिन विपद्का घट्नाहरुमा वृद्धि हुँदै जाने र प्रभावित व्यक्ति तथा परिवारहरुलाई तत्काल विपद् प्रतिकार्य गर्नु पर्ने भएकाले नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको आयोजनामा वैशाख २५ गते पोखरा भित्र रहेका विपद्सँग सम्बन्धित सरोकारवाला निकायहरुका बीच विपद् पूर्वतयारीका लागि कार्यक्रमको आयोजना गरियो।

शाखाका महिला उपसभापति एवं विपद् व्यवस्थापन समितिका संयोजक उर्मिला खड्का भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा बैठकमा सहभागिहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि मन्त्री सुरेन्द्र गुरुङले प्रकाश पार्नु भएको थियो।विपद् शाखाका इन्चार्ज नवराज भण्डारीले शाखाको हालको मौज्दातको अवस्थाका विषयमा जानकारी गराउनु भएको थियो। कार्यक्रममा गैसस महासंघ कास्कीका अध्यक्ष डा बुद्धिबहादुर थापा, पोखरा महानगरपालिका विपद महाशाखाका प्रमुख सुरेन्द्र शर्मा, आईएनएफ विपद शाखाका प्रमुख हरिबन्धु अर्याल, पोखरा उद्योग वाणिज्य संघका प्रतिनिधि शोभा गौतम, सिविन नेपालका शंकर नेपाली, कोपिला नेपालका प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोगका खेमलाल सुवेदी, चिल्ड्रेन नेपालका प्रतिनिधि, इन्सेकका सवनम शर्मा, एमडिएमका विष्णुप्रसाद बराल, अग्रज पत्रकार श्याम कुँवर, रेडक्रस कास्कीका कार्यालय प्रमुख मोहनसिंह खड्का लगायतले यस वर्ष हुन सक्ने विपद् जोखिम र पूर्वतयारी एवं प्रतिकार्यका लागि आवश्यक सञ्चार, समन्वय र सहकार्यका विषयमा प्रकाश पार्नु भएको थियो। कार्यक्रमका विशेष अतिथि शाखाका सभापति डण्डराज शर्माले सबैको सहयोग र सद्भावको लागि आव्हान गर्दै आभार व्यक्त गर्नु भयो। कार्यक्रमका सभापति उर्मिला खड्का भण्डारीले भनाई सहित धन्यवाद ज्ञापन गर्नु भएको थियो।

# रक्त सङ्कलन र वितरण

नेपाल रेडक्रस सोसाइटी कास्की प्रादेशिक रक्तसञ्चार सेवा पोखराले नियमित रुपमा विभिन्न रक्तदाता संघसंस्था व्यक्तिहरुको सहभागितामा रक्तदान कार्यक्रमहरुको आयोजना गरी रगत सङ्कलन गर्दै आएको छ । वार्षिक रक्तदान क्यालेण्डर अनुसार संस्थाहरुसँग समन्वय गरी रक्त अभाव हुँदा आकस्मिक रक्तदान कार्यक्रमको आयोजना गरी रक्त आपूर्ति गरी तत्काल बिरामीहरुलाई डाक्टरको सिफारिस अनुसार परीक्षण गरी शुद्ध रगत आपूर्ति गरिएको छ। २०८० श्रावण देखि २०८० आश्विन मसान्तसम्म रक्तदान गर्ने संघसंस्थाहरुको नामावली रक्तदान युनिट संख्या निम्नानुसार रहेको छ ।

## फागुन २०८०

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| लायन्स क्लब अफ बाग्लुङ्ग गल्कोट घुम्टे, बाग्लुङ्ग गल्कोट | ४७ |
| ताराकुन्ज इङलिस बोर्डिङ स्कुल, पोखरा ३२ | ३२ |
| नेपाल निजामति कर्मचारी युनियन प्रदेश कार्य समिति गण्डकी प्रदेश, पोखरा ८ | ४३ |
| युवा सङगठन नेपाल कास्की, पोखरा १० | १५ |
| प्रभु बैंक लिमिटेड, पोखरा ७ | ५५ |
| लायन्स क्लब अफ पोखरा म्याग्देर आदर्श चौतारी, पोखरा १० | ४३ |
| टिम पोखरा मल्टीप्रपोज प्रा.लि., पोखरा ९ | १०५ |
| युवा बौद्ध संघ धर्मशीला वुद्ध विहार, पोखरा ३ | ३२ |
| सामुदायिक सेवा केन्द्र, पोखरा १ | ५६ |
| नव आदर्श सामुदायिक विकास समाज, पोखरा १६ | ३० |
| लायन्स क्लब अफ पोखरा फिस्टेल सिटी, पोखरा ८ | ५६ |
| रिस्ती मादी हस्पिटल प्रा.लि., लमजुङ | ४७ |
| श्री लक्ष्मी आदर्श माध्यामिक विद्यालय, पोखरा २६ | ३७ |
| बृहत फेदीखोला पोखरा सम्पर्क समाज, पोखरा १७ | ५६ |
| जुता व्यावसायी संघ कास्की, पोखरा ८ | ४९ |
| प्रभु बैंक लिमिटेड, पोखरा २७ | ४५ |
| लमजुङ पोखरा सम्पर्क समाज, पोखरा १० | २५ |
| मिलडाडाँ टोल विकास संस्था, तनहु | ४१ |
| बाग्लुङ ब्लड बैंक | २४ |
| नेवाः मिसा पुचः पोखरा ८ | ५५ |
| सामुदायिक सेवा केन्द्ध एव सामुदायिक प्रहरी सेवा, पोखरा १२ | ६६ |
| श्री मेश्रम बराह माध्यामिक विद्यालय, घान्द्रुक | ७५ |
| चेतनशील आदर्श युवा क्लब, पोखरा ३० | ५२ |
| लायन्स क्लब अफ पोखरा आदर्श चौतारी, पोखरा १२ | ५३ |
| नेपाल यातायात स्वतन्त्र मजदुर संगठन निजी तथा आवाशिय विद्यालय महानगर कमिटी | १५ |
| प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १५ | २६ |
| लायन्स क्लब अफ लेखनाथ गार्डेन सिटी | ३१ |
| मुद्रण उद्योग संघ कास्की, पोखरा ९ | १५ |
| लियो रलायन्स क्लब अफ पोखरा फरक अभियान, पोखरा ८ | ६३ |
| बाग्लुङ ब्लड बैंक | २२ |
| नेपाल युवा रेडक्रस सर्कल आदिकवि भानुभक्त क्याम्पस, तनहु | १०४ |
| म्याग्दी ब्लड बैंक | ३२ |
| लायन्स क्लब अफ पोखरा न्यु भिजन, पोखरा २ | ११५ |
| पोखरा ॐ हस्पिटल डाइग्नोष्टिक एण्ड रिसर्च सेन्टर, पोखरा ९ | ३० |
| पोखरा महानगर पालिका, पोखरा ९ | ५७ |
| श्री मिलन चण्डी कालिका कृषि सहकारी संस्था, पोखरा २ | २३ |
| लायन्स क्लब अफ पोखरा तनहु म्याग्दे | ८४ |
| शुक्लागण्डकी विद्दुत तथा प्लम्बर सेवा समिति, तनहु | ४८ |
| शान्तिदिपअभियानद्धारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ११ |

## चैत २०८०

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| सिद्धार्थ क्लब, पोखरा ८ | ६६ |
| पोखरा फाइनान्स लिमिटेड, पोखरा ९ | ४७ |
| बुद्ध विशाल बजार ब्यापारिक एसोसियसन, पोखरा ४ | ६४ |
| Inner Wheel Club, पोखरा ९ | ३४ |
| कदम मार्ग टोल विकास संस्था, पोखरा १४ | १०४ |
| लेकसिटी कलेज एण्ड रिसर्ज, पोखरा ५ | ५३ |

| | |
|---|---|
| लायन्स क्लब अफ पोखरा अपि स्मार्ट, पोखरा १० | ९ |
| लायन्स क्लब अफ पोखरा हेल्फुल ह्यान्डस् र जागृति युवा क्लब, पोखरा २९ | ४१ |
| श्री सत्तरङ्गी क्लब, रुपा ६ | १० |
| ने रे सो बाग्लुङ्ग ब्लड बैकं | ८ |
| स्याङजा गल्याङ्ग पोखरा सम्पर्क समाज, पोखरा ८ | २२ |
| श्री आर्वा बहुउदेश्यीय सहकारी संस्था लि, पोखरा १३ | ४३ |
| लायन्स क्लब अफ पोखरा सेती गण्डकी , पोखरा ९ | २४ |
| चापाकोट पोखरा सेवा समाज, पोखरा ५ | ३९ |
| शुभकामना महिला विकास केन्द्र, पोखरा ४ | ३१ |
| रेडियो अन्नपुर्ण ९३.४ मेगाहर्ज, पोखरा ४ | २०७ |
| जिल्ला सहकारी संघ, पोखरा ७ | १२० |
| नेपाल खिष्टिय रामघाट मण्डली, पोखरा १२ | ४० |
| शशस्त्र प्रहरी बल नेपाल न २४ गण हे.क्या कालिका, कास्की | ६६ |
| श्री महिला बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १६ | ३२ |
| सर्वहित बचत तथा ऋण सहकारी संस्था लि र ने रे सो उपशाखा १८, पोखरा १८ | ३४ |
| श्री चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १२ | ४६ |
| पोखरा प्लास्टिक व्यवसायी समिति पोखरा, पोखरा ८ | ६२ |
| पावरहाउस बजार व्यवस्थापन समिति, पोखरा २९ | ८० |
| मानव मिलन संस्था पोखरा | ३२ |
| जनसेवा बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १९ | ५४ |
| भृकुटी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ३५ |
| विन्ध्येश्वरी युवा क्लब, पोखरा १९ | ३९ |
| शान्तिदिपअभियानद्धारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | १३ |

## वैशाख २०८१

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| सृजनशील क्लब, पोखरा २२ | ४९ |
| श्री प्रतिभा माछापुच्छे क्लब खिमाजे, मादी ११ | १८ |
| रोटरी क्लब अफ पोखरा | ३९ |
| घारीकुलो बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १६ | २१ |
| युनाइटेड क्लब, पोखरा १० | ८५ |
| ने रे सो उपशाखा ८, पोखरा ८ | ३८ |
| विश्व सुसमाचार समाज परमेश्वरको मण्डली, पोखरा ५ | ११४ |
| सिटिजन्स बैकं इन्टरनेसनल लिमिटेड, पोखरा ८ | ४४ |
| नेकपा (एमाले) धादिङ पोखरा सम्पर्क समाज, पोखरा ९ | २९ |

| | |
|---|---|
| भुजेल समाज सेवा जिल्ला समन्वय समिति, पोखरा ८ | ५० |
| श्री सत्य साई केन्द्र पोखरा, पोखरा २ | ५४ |
| ह्मो बहुउद्देश्यीय सहकारी संस्था लि. , पोखरा ८ | ४६ |
| सन्त निरंकारी मण्डल पोखरा, पोखरा २९ | ३७ |
| लालीगुराँस एशोसिएशन क्लब, पोखरा १२ | १०२ |
| ने रे सो उपशाखा २८, पोखरा २८ | ३९ |
| ने रे सो स्याङजा ब्लड बैकं | ३२ |
| कर्मचारी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ५ | १४ |
| अखिल नेपाल स्वास्थ्य श्रमिक संघ, कास्की | ४३ |
| पोखरा जेसिस, पोखरा १० | ४७ |
| बाघमारा बहुउद्देश्यीय सहकारी संस्था लि, पोखरा ३३ | ३३ |
| सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लि, तनहु | ३० |
| नेपाल लाइफ इन्स्योरेन्स, पोखरा ९ | ४१ |
| रविन्द्र अधिकारी स्मृति प्रतिष्ठन, पोखरा ९ | ४० |
| लायन्स क्लब अफ पोखरा गोल्डेन चौतारी र जागृती युवा क्लब, पोखरा १८ | ४२ |
| सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २३ | ५२ |
| नेपाल युवा रेडक्रस सर्कल पोखरा विश्वविद्यालय | ७१ |
| निर्माण व्यवसायी समिति, पोखरा १० | ६३ |
| ने रे सो मुस्ताङ | ५२ |
| लायन्स क्लब अफ तनहुँ खैरेनीटार, तनहुँ | ३३ |
| नेपाल स्वयंसेवी रक्तदाता समाज कास्की | ९ |
| सुन्दर समावेशी महिला बहुउद्देशीय सहकारी संस्था, पोखरा १४ | ३९ |
| नेपाल बिमा प्राधिकरण, पोखरा १० | ६९ |
| नेपाल नर्सिङ्ग संघ इकाई समिति पोखरा स्वास्थ विज्ञान प्रतिष्ठान पोखरा | ३७ |
| शान्तिदिपअभियानद्धारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २७ |

## जेठ २०८१

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| ने रे सो वेनी ब्लड बैकं | ३८ |
| वैदेशिक रोजगार शाखा संरक्षण संघ, गण्डकी प्रदेश | ६० |
| नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि, | ६२ |
| तमु घि नेपाल केन्द्रिय युवा समिति, पोखरा ९ | ७९ |
| ग्लोबल आइएमई लघुवित वितीय संस्था लि., | ४३ |
| महालक्ष्मी विकास बैक. लि, पोखरा ९ | ६० |
| हेम्जा टासी पाल्खेल | २७ |
| युवा बौद्ध संघ धर्मशिला बुद्ध विहार, | ६६ |
| डाँफे बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ४६ |
| तिन गाउँले थकाली युवा समिति, पोखरा ७ | २५ |

| | |
|---|---|
| आवाज कास्की | ५ |
| डिभाइन युथ क्लब, पोखरा ८ | ५० |
| सृजना विकास केन्द्र, पोखरा ८ | ३१ |
| सार्दिखोला बचत तथा ऋण सहकारी संस्था लि, सार्दिखोला | ५३ |
| पवित्र बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | ३८ |
| ने रे सो बाग्लुङ ब्लड बैकं | १४ |
| उन्नति बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ६० |
| पोखरा ख्रीष्टियन समाज संस्था, पोखरा १५ | ५८ |
| ने रे सो ढोरफिदी उपशाखा, तनहुँ | ५० |
| अधिकारी समाज कास्की एकाई समिति प्रस्याङ्ग | ६० |
| हाम्रो सहयोगी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ९ | ४३ |
| गण्डकी प्रदेश प्रहरी तालिम केन्द्ध, पोखरा १५ | ८४ |
| गण्डकी कलेज अफ इन्जिनियरिङ एण्ड साइन्स, | ६१ |
| लायन्स क्लब अफ पोखरा डेस्टिनेशन, पोखरा ११ | ३४ |
| ने रे सो पर्वत ब्लड बैकं | १८ |
| ने रे सो स्याङजा ब्लड बैकं | ४३ |
| मदिरा व्यवसायी समिति, पोखरा ८ | ५३ |
| कालीगण्डकी स्याङजा पोखरा सम्पर्क समाज, पोखरा १७ | ४० |
| शशस्त्र प्रहरी बल, नेपाल न.४ मुक्तीनाथ बाहिनी फिल्ड अस्पताल, पोखरा ७ | २४ |
| अन्नपुर्ण मिजार समाज कास्की, पोखरा १३ | ३६ |
| बजिमय खल: कास्की | १९ |
| राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल गण्डकी प्रदेश समिति | ३७ |
| शान्तिदिप अभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ४१ |
| शान्तिदिपअभियानद्वारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | २७ |

## असार २०८१

| संघसंस्थाको नाम | युनिट |
|---|---|
| ने रे सो बाग्लुङ्ग ब्लड बैक | २३ |
| धादिङ्ग पोखरा सम्पर्क समिती, पोखरा ८ | ४९ |
| नेपाल पर्यटक यातयात व्यवसायी संघ र लायन्स क्लव अफ पोखरा लेकभ्याली , पोखरा ६ | ३८ |
| पश्चिमाञ्चल स्वास्थ्य सहकारी संस्था लि, पोखरा ९ | ६५ |
| ने रे सो स्याङजा ब्लड बैकं | ३८ |

| | |
|---|---|
| कन्चन क्यापिटल प्रा. लि. पोखरा २ | ५६ |
| राष्ट्रिय स्वतन्त्र पार्टी, पोखरा ४ | ६३ |
| गलकोट समाज पोखरा, पोखरा १४ | ३८ |
| नेपाल यातायात स्वतन्त्र मजदुर संगठन गण्डकी प्रदेश, पोखरा ९ | ५१ |
| गण्डकी प्रदेश शशस्त्र प्रहरी परीवार महिला संघ, पार्दी | २२ |
| एसओएस बालग्राम गण्डकी, पोखरा १५ | ६२ |
| पाल्पाली बहुउदेश्यीय सहकारी संस्था, पोखरा ९ | ६९ |
| श्री विहानी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | ५७ |
| आदर्श समाज पोखरा, १२ | २६ |
| धादिङ्ग पोखरा सम्पर्क समाज, पोखरा ८ | १३७ |
| लायन्स क्लब अफ पोखरा स्मार्ट टाउन, लामाचौर | १०५ |
| लायन्स क्लब अफ पोखरा संगम, किरण र हेभन , पोखरा ९ | ६४ |
| लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ I क्लस्टर ४ | २४ |
| लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ I क्लस्टर ३ | ६२ |
| लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक्ट ३२५ I क्लस्टर २ | ७१ |
| तालचोक कृषि सहकारी संस्था लि, तालचोक | ५६ |
| सेतीमदी बचत तथा ऋण सहकारी संस्था लि, पोखरा २ | ५१ |
| कर्मशिल बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ८ | २५ |
| सल्यानी समिति, कास्की | ३३ |
| लायन्स क्लब अफ पोखरा L/Y 2023/2024 | ३५ |
| लायन्स क्लब अफ पोखरा डाईनामिक, पोखरा ५ | ३२ |
| लायन्स क्लब अफ पोखरा समृद्धि, पोखरा ९ | ३२ |
| श्री गगनकालिका बचत तथा ऋण सहकारी संस्था लि, पोखरा ३२ | ३७ |
| ने रे सो उपशाखा १२ | ६३ |
| लायन्स क्लब अफ पोखरा बराही टाउन, पोखरा १० | २७ |
| पोखरा ग्राण्ड प्रा. लि, पोखरा १७ | २७ |
| डेभिजफल बचत तथा ऋण सहकारी संस्था लि, पोखरा १७ | ६१ |
| लायन्स क्लव अफ पोखरा सिमलचौतरी, पोखरा ८ | ६१ |
| शान्तिदिप अभियानद्धारा संचालित आकस्मिक रक्तदान युनिट(आरदायु) पोखरा | ३० |